# लोक सेवा आयोगबाट सञ्चालन हुने प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२

**स्वीकृत मितिः२०८२।०४।२६**

लोक सेवा आयोग ऐन, २०७९ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोगले यो मापदण्ड बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "लोक सेवा आयोगबाट सञ्चालन हुने प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनु पर्छ।

(ख) "पदाधिकारी" भन्नाले आयोगको अध्यक्ष र सदस्य सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले लोक सेवा आयोग ऐन, २०७९ सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले लोक सेवा आयोग नियमावली, २०७९ सम्झनु पर्छ।

(ङ) "निर्देशिका" भन्नाले लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ र सो शब्दले कायम मुकायम सचिव वा निमित्त सचिव समेतलाई जनाउँछ।

(छ) "कार्यालय" भन्नाले आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालय सम्झनु पर्छ।

(ज) "विषय विज्ञ वा दक्ष" भन्नाले नियमावलीको नियम २ को खण्ड (ङ) बमोजिमको व्यक्ति सम्झनु पर्छ।

(झ) "नजिकको नातेदार" भन्नाले नियमावलीको नियम २ को खण्ड (ख) बमोजिमको व्यक्ति सम्झनु पर्छ।

(ञ) "प्रयोगात्मक परीक्षा" भन्नाले सम्बन्धित पदको लागि स्वीकृत पाठ्यक्रममा उल्लेख भए बमोजिम सञ्चालन हुने प्रयोगात्मक परीक्षा सम्झनु पर्छ।

(ट) "सीप परीक्षण परीक्षा" भन्नाले सम्बन्धित पदको लागि स्वीकृत पाठ्यक्रममा उल्लेख भए बमोजिम सञ्चालन हुने सीप परीक्षण परीक्षा सम्झनु पर्छ। सो शब्दले कम्प्युटर सीप परीक्षण परीक्षा र सूचना प्रविधि सीप परीक्षण परीक्षा समेतलाई जनाउँदछ।

(ठ) "सरोकारवाला निकाय" भन्नाले प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा हुने पदको परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न हुने तथा आयोगबाट समन्वय गर्नुपर्ने निकाय सम्झनु पर्छ।

३. **मापदण्डको प्रयोग र पालना:** (१) यो मापदण्डको प्रयोग र पालना गर्ने गराउने दायित्व आयोगका पदाधिकारी, सचिव, आयोग एवं मातहत कार्यालयमा कार्यरत कर्मचारी तथा सरोकारवाला निकाय सबैको हुनेछ।

(२) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा यस मापदण्डमा उल्लिखित विषय मानकको रूपमा रहनेछन्।

## परिच्छेद-२

## प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सञ्चालन तथा व्यवस्थापन

४. **परीक्षा सञ्चालन तथा व्यवस्थापन :** (१) आयोगले पाठ्यक्रममा प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा हुने भनी उल्लेख भएका पदहरूको प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सञ्चालन गर्नेछ।

(२) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा राजपत्राङ्कित श्रेणी वा तह अन्तर्गतका पदका हकमा आयोगको केन्द्रीय कार्यालयको अन्तर्वार्ता तथा सिफारिस शाखाबाट र राजपत्र अनङ्कित श्रेणी वा तह अन्तर्गतका पद तथा श्रेणीविहीन पदको हकमा मातहतका कार्यालयबाट सञ्चालन गरिनेछ।

(३) पाठ्यक्रममा लिखित परीक्षा हुनुपूर्व नै प्रयोगात्मक परीक्षा सञ्चालन गर्नुपर्ने भनी तोकिएका पद वा प्रयोगात्मक परीक्षाको माध्यमबाट मात्र उम्मेदवार छनौट हुने पदको प्रयोगात्मक परीक्षा विज्ञापन, सूचना वा परीक्षा कार्यक्रममा निर्धारण भए बमोजिम हुनेछ।

(४) लिखित परीक्षाको नतिजा प्रकाशन भएपश्चात् सञ्चालन हुने प्रयोगात्मक परीक्षाको हकमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा प्रयोगात्मक परीक्षाको कार्यक्रम निर्धारण गरी वा सम्बन्धित कार्यालयले तोक्न सक्ने गरी नतिजा प्रकाशन गर्नुपर्नेछ। सीप परीक्षण परीक्षाको हकमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्दाको बखतमा नै सीप परीक्षण परीक्षाको कार्यक्रम निर्धारण गरी प्रकाशन गर्नुपर्नेछ।

(५) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाको कार्यतालिकामा सामान्यतया हेरफेर गरिने छैन।

(६) कार्यालयले प्रयोगात्मक परीक्षाको कार्यक्रम निर्धारण गर्ने गरी नतिजा प्रकाशन भएकोमा परीक्षा कार्यक्रम निर्धारण गर्दा त्यस्तो परीक्षा हुने स्थानको उपलब्धता, कच्चा प्रश्नपत्र सङ्कलन, प्रश्नपत्र परिमार्जन गर्न लाग्ने समय तथा परीक्षा सञ्चालन हुने समय लगायतका विषयलाई आधार मानी परीक्षासँग सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी कार्यक्रम निर्धारण गर्नु पर्नेछ।

(७) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा त्यस्तो परीक्षाको प्रकृति अनुसार मेसिनरी उपकरण, साधन, श्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र सञ्चालन हुनेछ। परीक्षा सञ्चालन हुने स्थानको सम्बन्धमा परीक्षार्थीलाई अग्रिम सूचना गर्नुपर्नेछ।

(८) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा हुने पदहरू अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछन्। आयोगले कुनै पदको पाठ्यक्रम स्वीकृत गर्दा प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा हुने भनी तोकिएका पदहरू समेत यसै अनुसूचीमा परेको मानिनेछ।

(९) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सञ्चालन गर्ने जिम्मेवारी भएका कर्मचारीले सो परीक्षा सञ्चालन हुने दिन भन्दा कम्तीमा एक दिन अगावै प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाको लागि आवश्यक सामग्रीसहित पूर्व तयारी गरिसक्नु पर्नेछ।

(१०) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्दा प्रयोगात्मक परीक्षाको प्रकृति अनुसार परीक्षा सञ्चालन गर्ने स्थान,आवश्यक उपकरण तथा मेसिनरी, सुरक्षा सामग्री तथा जनशक्ति लगायतका विषयमा आवश्यक सहयोगका लागि सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गर्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिम सहयोग तथा समन्वयका लागि अनुरोध भएकोमा सेवा, समूह, उपसमूह सञ्चालन गर्ने निकाय, पदपूर्तिको लागि अनुरोध गर्ने निकाय तथा परीक्षा सञ्चालन गरिने निकायबाट आवश्यक व्यवस्थापन गर्नुपर्नेछ। त्यस्तो सहयोग तथा समन्वय गर्नु सरोकारवाला निकायको कर्तव्य हुनेछ।

(१२) प्रयोगात्मक परीक्षामा सहभागी हुने उम्मेदवारलाई त्यस्तो परीक्षामा सहभागी हुन प्रचलित कानून बमोजिम इजाजत वा अनुमतिपत्र वा सम्बन्धित व्यावसायिक परिषद् दर्ता प्रमाणपत्र आवश्यक पर्नेमा त्यस्तो इजाजत वा अनुमतिपत्र वा सम्बन्धित व्यावसायिक परिषद् दर्ता प्रमाणपत्र प्राप्त नगरेको वा नवीकरण नभएकोमा परीक्षामा सहभागी गराईने छैन।

(१३) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा हुने पदको लिखित परीक्षाको नतिजामा समावेश भएको कुनै उम्मेदवारले मनासिव कारण जनाई प्रयोगात्मक परीक्षा वा सीप परीक्षणको लागि तोकिएको मितिभन्दा अगाडि नै त्यस्तो परीक्षामा सहभागी हुन कारण सहित निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव देखिएमा तथा सो बखत सम्बन्धित सेवा, समूह, उपसमूह र पदको प्रयोगात्मक वा सीप परीक्षण परीक्षाको कार्यक्रम चलिरहेको भएमा सोही परीक्षामा सहभागी गराउन सकिनेछ।

(१४) प्रयोगात्मक परीक्षा तथा सीप परीक्षणका लागि निर्धारित मिति र समयमा कुनै उम्मेदवार अनुपस्थित भएमा सो पदको प्रयोगात्मक परीक्षा वा कम्प्यूटर सीप परीक्षा बाँकी रहेकै अवस्थामा त्यस्तो उम्मेदवारले अनुपस्थित रहेको मनासिव कारण सहित निवेदन दिएमा निजलाई अन्य दिनको प्रयोगात्मक वा सीप परीक्षण परीक्षामा सामेल गराउन सकिनेछ।

तर सम्बन्धित परीक्षाको सबै सिफ्टको प्रयोगात्मक वा सीप परीक्षण परीक्षा सम्पन्न भई सकेपछि प्राप्त भएको निवेदनको हकमा प्रयोगात्मक तथा सीप परीक्षण परीक्षामा समावेश गराइने छैन।

५. **<u>परीक्षा सञ्चालन तथा व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू:</u>** (१) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाको सञ्चालन तथा व्यवस्थापन गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः-

(क) सम्बन्धित पदको पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिमको चरणमा परीक्षा सञ्चालन गर्नुपर्नेछ। परीक्षाको प्रत्येक चरणको लागि तोकिए बमोजिमको अलग अलग समय उपलब्ध गराइनेछ।

(ख) परीक्षामा महिला र पुरुष उम्मेदवारको लागि छुट्टाछुट्टै मापदण्ड तोकिएको भए सोही अनुसार गर्नुपर्नेछ।

(ग) उम्मेदवारले एक आपसमा सरसल्लाह गर्न नसक्ने गरी पूर्व निर्धारित तालिकामा उल्लिखित परीक्षार्थीको क्रम संख्या वा रोल नम्बरका आधारमा परीक्षा भवनमा सिटको व्यवस्था गर्नुपर्नेछ।

(घ) प्रत्येक कोठामा रहने उम्मेदवारको नाम थर, रोल नम्बर र सिटको व्यवस्था (सिटप्लान) कोठा बाहिर स्पष्ट देखिने गरी टाँस गर्नुपर्नेछ।

(ङ) परीक्षा शुरू हुनु अगावै परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्ष र मूल्याङ्कन समितिका पदाधिकारीले परीक्षाको प्रकृति अनुसार परीक्षा हुने स्थल, प्रयोग हुने मेसिनरी उपकरण लगायत अन्य आवश्यक सामग्रीको निरीक्षण गरी उपयुक्त रहेको यकिन गर्नुपर्नेछ।

(च) उम्मेदवारलाई परीक्षा शुरु हुनुभन्दा तीस मिनेट अगाडि परीक्षा भवनमा प्रवेश गराउन ध्वनि सङ्केतद्वारा सूचना गर्नुपर्नेछ।

(छ) उम्मेदवारहरू आ-आफ्नो सिटमा बसिसकेपछि उत्तरपुस्तिका वितरण गर्नुपर्ने परीक्षाको हकमा निरीक्षकले उत्तरपुस्तिका वितरण गर्नुपर्नेछ।

(ज) प्रयोगात्मक परीक्षामा सहभागी हुने परीक्षार्थीले त्यस्तो परीक्षामा सहभागी हुँदा परीक्षाका लागि कार्यालयले तोके बमोजिम आफैले ल्याउनुपर्ने कुनै सामान भए त्यस्तो सामानको सामान्य चेकजाँच गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(झ) परीक्षा सञ्चालन गर्दा अभिलेखनका लागि सामग्री (जस्तैः भिडियो क्यामेरा, सि.डी., पेन ड्राइभ आदि) आवश्यक पर्ने भएमा सो समेत व्यवस्थापन गर्नु पर्नेछ। मुख्य मुख्य कार्यहरू (डिगिङ्ग, रोलिङ्ग, लोडिङ्ग, अनलोडिङ्ग, ग्रेडिङ्ग आदि) को आवश्यकता अनुसार रेकर्डिङ गर्नुपर्नेछ। साथै सम्भव भएसम्म त्यस्ता परीक्षा कार्यक्रमका क्रियाकलापहरूको कागज प्रमाण खडा गर्नुपर्नेछ।

(ञ) परीक्षाको क्रममा परीक्षामा खटिएका जनशक्ति तथा विषय विज्ञ वा दक्षले उम्मेदवारलाई निर्देशन गर्दा परीक्षामा जवाफ लेख्न वा कार्य गर्न सहयोग हुने गरी परीक्षालाई प्रभाव पार्ने कुनै कार्य गर्न, गराउन पाइनेछैन।

(ट) मेसिनरी उपकरण प्रयोग गरी सञ्चालन गरिने प्रयोगात्मक परीक्षाको क्रममा मेसिनरी उपकरणमा प्राविधिक कारण कुनै समस्या आई मेसिन सञ्चालन हुन नसकेमा दक्ष प्राविधिकको सहयोग लिइ मेसिनरी उपकरण सुचारू गराउने वा वैकल्पिक मेसिनरीको व्यवस्था गर्नुपर्नेछ।

(ठ) परीक्षास्थल तथा परीक्षामा प्रयोग गरिने मेसिनरी उपकरण तथा अन्य सामग्री प्रयोग योग्य भए नभएको चेकजाँच गर्ने, सरसफाई तथा सुरक्षा प्रवन्ध मिलाउने जस्ता कार्य गर्नु पर्नेछ।

(ड) परीक्षाको प्रत्येक चरणको क्रियाकलापमा उम्मेदवार र परीक्षास्थलमा हुन सक्ने सम्भावित दुर्घटनाको जोखिम कम गर्नका लागि आवश्यक सुरक्षाको प्रवन्ध गर्नुपर्नेछ।

(ढ) परीक्षाको सुरक्षा संवेदनशीलता अनुरूप परीक्षा भवनमा आवश्यक सुरक्षाको लागि प्रहरीको व्यवस्था गर्नुपर्नेछ। विशेष परिस्थिति आईपरेमा सम्बन्धित कार्यालय प्रमुखले आवश्यकता अनुसार सुरक्षाको यथोचित प्रबन्ध गर्नुपर्नेछ ।

(ण) एकै दिन एक भन्दा बढी सिफ्ट परीक्षा हुने भएमा एउटा प्रश्नपत्रले कम्तीमा दुईवटा सिफ्टको परीक्षा सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ र यसरी परीक्षा सञ्चालन गर्दा परीक्षा हुने पहिलो समूह र दोस्रो समूहबीच भेटघाट,सम्पर्क र संवाद हुन नसक्ने गरी आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(त) एकैसाथ क्रमशः एक भन्दा बढी चरणमा प्रयोगात्मक परीक्षा सञ्चालन हुने भएमा तोकिएको चरणको क्रियाकलाप मध्येको कुनै चरण वा क्रियाकलापमा अनुत्तीर्ण भएको अवस्थामा उम्मेदवारलाई अर्को चरण वा क्रियाकलापमा समावेश गराईने छैन।

(थ) परीक्षाको मर्यादा पालना नगर्ने उम्मेदवारलाई परीक्षास्थलबाट निष्कासन गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

(द) परीक्षा सञ्चालन गर्नुपुर्व र परीक्षा समाप्त भइसकेपछि परीक्षास्थलको सरसफाइ र प्रयोग भएका सामग्रीको यथोचित व्यवस्थापन गर्नुपर्नेछ।

(ध) शारीरिक परीक्षण परीक्षामा सहभागी हुने उम्मेदवारहरूले नेपाल मेडिकल काउन्सिलबाट स्वीकृति प्राप्त चिकित्सकबाट आँखा परीक्षण र रंग पहिचान (**Eye Test and Color Vision Test)** परीक्षण गराएको प्रमाणपत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यहोरा परीक्षा कार्यक्रम सम्बन्धी सूचनामा उल्लेख गर्नुपर्नेछ।

(न) परीक्षा सञ्चालन गर्ने कार्यालयले परीक्षास्थलमा खानेपानी तथा शौचालयको आवश्यक प्रबन्ध गर्नुपर्नेछ।

(२) यस मापदण्ड बमोजिम परीक्षा सञ्चालन गर्दा पदको प्रकृति बमोजिम सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने विषय अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछ।

६. **प्रयोगात्मक तथा सीप परीक्षण परीक्षामा सहभागी हुने परीक्षार्थीको जिम्मेवारीः** प्रयोगात्मक तथा सीप परीक्षण परीक्षामा सहभागी हुने परीक्षार्थीको देहायको जिम्मेवारी हुनेछः-

(क) परीक्षामा आउँदा परीक्षाको प्रवेशपत्र र परिचय खुल्ने आधिकारिक परिचयपत्र वा नागरिकताको प्रमाणपत्र साथै राख्ने,

(ख) परीक्षामा तोकिएको मिति, स्थान र समयमा पुग्ने,

(ग) परीक्षासँग सम्बन्धित तोकिएको कार्य गर्नु पूर्व उम्मेदवारले परीक्षा सञ्चालन हुने स्थानमा गई हाजिरी गर्नुपर्ने,

(घ) परीक्षामा सहभागी हुनका लागि योग्यतामा उल्लेख भए अनुरूपको प्रयोगात्मक परीक्षाको प्रकृति अनुसार आवश्यक हुने अनुमति पत्र अनिवार्य रूपमा देखाउनु पर्नेछ। यस्ता अनुमति पत्र सिङ्गल दस्तुर तिरी दरखास्त फाराम पेस गर्न तोकिएको अन्तिम मितिसम्ममा प्राप्त गरी दरखास्तसाथ पेस गरिसकेको हुनु पर्नेछ। दरखास्त दिइसकेपछि परीक्षाको अवधिसम्म त्यस्ता अनुमतिपत्रको अवधि समाप्त हुने भएमा नवीकरण गरिएको वा नवीकरणको प्रक्रियामा रहेको भए सोको प्रमाण पेस गर्नुपर्नेछ,

(ङ) परीक्षामा परीक्षार्थी आफैले व्यवस्थापन गर्नुपर्ने सामग्री अनिवार्य रूपमा व्यवस्थापन गरी परीक्षामा समावेश हुनुपर्नेछ र त्यस्ता सामग्रीको सुरक्षाको व्यवस्था उम्मेदवार स्वयंले गर्नुपर्नेछ,

(च) परीक्षामा सहभागी हुनु पूर्व तथा भई सकेपछि परीक्षामा खटिएका जनशक्ति तथा विषय विज्ञ वा दक्षले दिएको निर्देशन तथा सोधिएको प्रश्नलाई ध्यानपूर्वक सुन्नु पर्नेछ र स्पष्ट नभएको विषयमा थप सोध्न सकिनेछ,

(छ) परीक्षा अवधिभर मोबाइल वा अन्य विद्युतीय उपकरण प्रयोग गर्न पाइने छैन,

(ज) परीक्षाका लागि आफ्नो ल्यापटप, डेस्कटप, माउस, किवोर्ड, मेसिनरी उपकरण लगायतका सामग्री ल्याउन पाइनेछैन। परीक्षा केन्द्रमा उपलब्ध भए अनुसारका सामग्रीबाट नै परीक्षामा सहभागी हुनुपर्नेछ,

(झ) प्रश्नपत्र प्रयोग हुने प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाको लागि प्रयोग भएका प्रश्नपत्र परीक्षा समाप्त भएपछि अनिवार्य रूपमा फिर्ता गर्नुपर्नेछ,

(ञ) शारिरीक तन्दुरूस्ती सम्बन्धी परीक्षाको प्रत्येक चरणको क्रियाकलापमा सहभागी हुने उम्मेदवारले स्वास्थ्य अवस्था ठीक दुरूस्त भएको र परीक्षाको क्रममा हुन सक्ने सम्भावित दुर्घटनाको जिम्मेवार उम्मेदवार स्वयं हुने गरी अनुसूची-३ बमोजिमको स्व-घोषणा फाराम भर्नुपर्नेछ,

(ट) एक भन्दा बढी चरणमा सञ्चालन गरिने प्रयोगात्मक परीक्षाको हकमा तोकिएको चरणको क्रियाकलाप मध्येको कुनै चरण वा क्रियाकलापमा अनुत्तीर्ण भएपश्चात त्यसपछिको परीक्षामा सम्मिलित हुन पाईनेछैन। त्यसरी अर्को चरण वा क्रियाकलापमा सहभागी भएको पाईएमा परीक्षा सम्बन्धी शर्त उल्लघंन गरेको मानी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

७. <u>**जनशक्ति व्यवस्थापनः**</u> (१) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाका लागि आवश्यक जनशक्तिको व्यवस्थापन आयोगको केन्द्रीय कार्यालयको हकमा अन्तर्वार्ता तथा सिफारिस शाखाबाट पेस भई सचिवबाट र मातहत कार्यालयको हकमा सम्बन्धित कार्यालयको प्रमुखबाट स्वीकृत भए बमोजिम हुनेछ।

(२) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको जनशक्तिको व्यवस्था गर्नु पर्नेछः-

(क) परीक्षा सञ्चालन गर्ने प्रत्येक कार्यालयमा एक जना सुपरीवेक्षक,

तर केन्द्रीय कार्यालयको हकमा सचिव वा सम्बन्धित महाशाखा प्रमुख सुपरीवेक्षक रहनेछन्।

(ख) परीक्षा केन्द्रका लागि एकजना केन्द्राध्यक्ष, एक जना समन्वयकर्ता र एक जना विषय विज्ञ वा दक्ष ,

(ग) मातहतको कार्यालयको हकमा एक जना केन्द्रीय प्रतिनिधि,

(घ) चालिस जनासम्म उम्मेदवारका लागि एक जना सहायक केन्द्राध्यक्ष,

(ङ) बीस जनासम्म उम्मेदवारका लागि एक जना निरीक्षक।

तर यसरी व्यवस्था गर्दा सम्भव भएसम्म एक कोठामा एकजना निरीक्षक रहने व्यवस्था गर्नुपर्दछ र एक मात्र कोठामा परीक्षा सञ्चालन हुने भएमा त्यस्तो कोठामा निरीक्षकको काम समेत सहायक केन्द्राध्यक्षले गर्ने व्यवस्था मिलाउनु पर्दछ।

(च) एउटा परीक्षा केन्द्रको लागि एक जना कार्यालय सहयोगी।

तर नेपाल वन सेवा अन्तर्गतका देहायको पदका प्रयोगात्मक परीक्षाका लागि जनशक्ति व्यवस्थापन अनुसूची-४ मा उल्लेख गरिए बमोजिम हुनेछः

(क) हात्तिसार समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत (हात्तिसार),
(ख) हात्तिसार समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, सुब्बा,
(ग) हात्तिसार समूह, राजपत्र अनङ्कित द्वितिय श्रेणी, दरोगा,
(घ) हात्तिसार समूह, श्रेणी विहिन, फणित, पछुवा र माहुत,
(ङ) जनरल फरेष्ट्रि समूह, श्रेणी विहिन, वन रक्षक,
(च) नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, श्रेणी विहिन, गेम स्काउट ।

(३) परीक्षामा केन्द्राध्यक्ष खटाउँदा सामान्यतया परीक्षा हुने श्रेणी वा तह भन्दा कम्तीमा एक श्रेणी वा तह माथिको अधिकृत कर्मचारीलाई तोक्नुपर्नेछ। राजपत्राङ्कित पदको प्रयोगात्मक तथा सीप परीक्षण परीक्षामा उपलब्ध भएसम्म सहायक केन्द्राध्यक्ष समेत राजपत्राङ्कित कर्मचारीलाई खटाउनु पर्नेछ।

तर राजपत्राङ्कित श्रेणीको पदको प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाको हकमा समान श्रेणीको कर्मचारीलाई केन्द्राध्यक्ष खटाउन बाधा पर्ने छैन।

(४) परीक्षा सञ्चालनका लागि कर्मचारी खटाउँदा आयोगका कर्मचारीबाट नपुग हुने भएमा अन्य सरकारी कार्यालय, सार्वजनिक संस्था वा परीक्षा केन्द्र रहेको संस्थाको जनशक्ति वा अभिमुखीकरण गरिएका अन्य जनशक्ति समेत खटाउन सकिनेछ। त्यसरी खटिएको जनशक्तिको परिचयपत्र वा नागरिकताको प्रतिलिपि कार्यलयमा राख्नु पर्नेछ।

## परिच्छेद- ३
## प्रश्नपत्र निर्माण तथा परिमार्जन

८. **प्रश्नपत्र निर्माण तथा परिमार्जनः** (१) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाका लागि प्रश्न निर्माण तथा परिमार्जन गर्दा पाठ्यक्रममा आधारित भई ऐन, नियमावली र निर्देशिकामा उल्लेख भए बमोजिम गर्नुपर्नेछ।

(२) प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्दा सरकारी निकायबाट प्रकाशित आधिकारिक दस्तावेजहरूलाई आधार लिनुपर्नेछ। यसरी प्रश्नपत्र निर्माण र परिमार्जन गर्दा जातीय, लैङ्गिक, भाषिक, धार्मिक, क्षेत्रीयता, राजनैतिक लगायतका पूर्वाग्रहबाट मुक्त हुनुपर्नेछ।

(३) प्रयोगात्मक परीक्षामा प्रयोग गरिने प्रश्न निर्माण तथा परिमार्जन आयोगको केन्द्रीय कार्यालय तथा मातहतका कार्यालयले र सीप परीक्षण परीक्षा सम्बन्धी प्रश्नको निर्माण तथा परिमार्जन आयोगको केन्द्रीय कार्यालयले गर्नुपर्नेछ।

(४) केन्द्रीय कार्यालयबाट निर्माण तथा परिमार्जन गरिएका प्रश्न केन्द्रीय प्रतिनिधिमार्फत परीक्षा सञ्चालन गर्ने कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ। आयोगको केन्द्रीय कार्यालय र मातहत कार्यालयबाट प्रश्न निर्माण तथा परिमार्जन गरिने पदहरूको विवरण अनुसूची-५ बमोजिम हुनेछन्।

(५) प्रश्न निर्माण तथा परिमार्जन गर्नका लागि विषय विज्ञ तथा दक्ष छनौट गर्न सम्बन्धित शाखा तथा कार्यालयले तोकिएको पदाधिकारी तथा कार्यालय प्रमुखसमक्ष पेस गर्नु पर्दछ।यसरी पेस भएकोमा स्वीकृत विषय विज्ञ वा दक्षको रोष्टरमा रहेका सम्बन्धित सेवा, समूह, उपसमूह,श्रेणी, तह तथा पदसँग सम्बन्धित विषय विज्ञ वा दक्ष मनोनयन गरी प्रश्न निर्माण तथा परिमार्जन गराउनुपर्नेछ।

(६) विषय विज्ञ तथा दक्ष छनौट, प्रश्न निर्माण तथा परिमार्जनका काम कारबाही गोप्य रहनेछन् ।

(७) उपदफा (५) बमोजिम मनोनयनका लागि पेस भएका विषय विज्ञ वा दक्षमध्ये परीक्षा सम्बन्धी विभिन्न काममा सामान्यतया एउटै विषय विज्ञ वा दक्ष नपर्ने गरी मनोनयन गर्नु पर्नेछ।

(८) प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्दा एउटै पदको लागि फरक फरक सिफ्ट वा दिनमा सोधिने प्रश्नपत्रको कठिनाईस्तर सामान्यतया समान हुने गरी निर्माण तथा परिमार्जन गर्नुपर्नेछ। यसको लागि सम्बन्धित शाखा तथा कार्यालयले प्रश्नपत्र निर्माण र परिमार्जन गर्न छनौट भएका विषय विज्ञ वा दक्षलाई देहाय बमोजिमको निर्देशन दिनुपर्नेछः-

(क) परीक्षाको सिफ्टमा प्रयोग हुने फरक फरक प्रश्नको स्तर सामान्यतया समान तवरको हुनुपर्ने,

(ख) सरकारी आधिकारिक दस्तावेज (जस्तै: सरकारी निकायबाट प्रकाशित प्रतिवेदन, सरकारका आवधिक योजना, नीति, बजेट पुस्तिका आदि) तथा अध्ययन अनुसन्धानबाट प्रमाणित प्रतिवेदन लगायतलाई आधार मान्नुपर्ने,

(ग) प्रश्नको गोपनीयता कायम गर्नुपर्ने,

(घ) विवादित रहित, सकारात्मक अर्थ र सन्देश दिने खालका प्रश्न निर्माण तथा परीमार्जन गर्नुपर्ने,

(ङ) प्रश्नमा प्रयोग भएका शब्द तथा वाक्यको शुद्धता कायम भएको हुनुपर्ने,

(च) विषय विज्ञ वा दक्षको आचारसंहिता अनिवार्य रूपमा परिपालना गर्नुपर्ने,

(छ) आफूलाई तोकिएको कार्य तोकिएको समयावधि भित्र सम्पन्न गरिसक्नुपर्ने।

९. **<u>प्रश्नपत्र छनौट :</u>** प्रयोगात्मक तथा सीप परीक्षण परीक्षामा प्रयोग गरिने परिमार्जित प्रश्नको सेटको छनौट आयोगको केन्द्रीय कार्यालयको हकमा सम्बन्धित पदाधिकारीबाट र कार्यालयको हकमा सम्बन्धित कार्यालय प्रमुखबाट हुनेछ।

## परिच्छेद-४

## <u>उत्तरपुस्तिकामा संकेतिकरण, मूल्याङ्कन तथा नतिजा प्रकाशन सम्बन्धी व्यवस्था</u>

१०. **<u>परीक्षाको प्रकृति:</u>** प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाको प्रकृति उत्तरपुस्तिकामा उत्तर लेख्ने वा उत्तरपुस्तिका प्रयोग नगरी परीक्षामा विषय विज्ञ वा दक्षले दिएको निर्देशन अनुसार कार्य सम्पन्न गर्नुपर्ने वा दुवै प्रकृतिका हुनेछन्।

११. **सङ्केत नम्बर सम्बन्धी व्यवस्थाः** (१) उत्तरपुस्तिका प्रयोग भई परीक्षा सञ्चालन गरिने प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण परीक्षाका उत्तरपुस्तिकामा प्रथम तथा द्वितीय सङ्केत नम्बर राख्नु पर्दछ । यसरी प्रथम र द्वितीय सङ्केत नम्बर राख्ने सम्बन्धी व्यवस्था निर्देशिकामा उल्लेख गरिए बमोजिम हुनेछ।

(२) सफ्टकपि समेतबाट मूल्याङ्कन गरिने परीक्षाको हकमा त्यस्तो सफ्टकपिमा समेत द्वितीय सङ्केत नम्बर कायम गर्नुपर्दछ।

१२. **मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाका मूल्याङ्कनकर्ताले उत्तरपुस्तिका प्रयोग हुने परीक्षाका हकमा उत्तरपुस्तिका परीक्षण गरी मूल्याङ्कन गर्नुपर्नेछ र उत्तरपुस्तिका प्रयोग नहुने प्रकृतिका परीक्षाको हकमा प्रश्न वा विषय विज्ञ वा दक्षको निर्देशन बमोजिम उम्मेदवारले गरेका क्रियाकलापको मूल्याङ्कन गरी परीक्षास्थलमा नै प्राप्ताङ्क प्रदान गर्नु पर्दछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा परीक्षाको पूर्णाङ्क, उत्तिर्णाङ्क तथा अंक विभाजन सम्बन्धित पदको पाठ्यक्रममा तोकिए बमोजिम गर्नुपर्नेछ।

(३) प्रयोगात्मक तथा सीप परीक्षणको मूल्याङ्कन नियमावलीको नियम ३३ बमोजिम गर्नु पर्नेछ।

(४) प्रयोगात्मक परीक्षाको मूल्याङ्कन निर्देशिकाको अनुसूची-४१ मा उल्लेख भए बमोजिम तथा सीप परीक्षण परीक्षाको मुल्याङ्कन अनुसूची-६ मा व्यवस्था गरिए बमोजिमको ढाँचामा गर्नुपर्नेछ।

तर परीक्षाको प्रकृति अनुसार उल्लेखित मूल्याङ्कन फाराम भन्दा छुट्टै प्रकारको मूल्याङ्कन फाराम आवश्यक पर्ने भएमा सोही अनुसार मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन गर्न सकिनेछ।

१३. **नतिजा प्रकाशन सम्वन्धी व्यवस्थाः** (१) पाठ्यक्रममा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गरेपछि मात्र त्यस चरण पछिका अन्य परीक्षा सञ्चालन गर्ने उल्लेख भएकोमा परीक्षा सञ्चालन गर्ने शाखा वा कार्यालयले सोही बमोजिम प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्नुपर्नेछ।

(२) पाठ्यक्रममा एउटै पदका लागि विभिन्न चरणमा प्रयोगात्मक परीक्षा सञ्चालन हुने र एउटा चरणको परीक्षाबाट उत्तीर्ण/अनुत्तीर्ण उम्मेदवार छुट्याई अर्को चरणको परीक्षामा समावेश गराउनु पर्ने भएमा पहिलो चरणमा समावेश भएका उम्मेदवारहरूको उत्तीर्ण/अनुत्तीर्ण विवरण सोही चरणको परीक्षा समाप्त भए पछि तयार गरी सम्वन्धित उम्मेदवारको जानकारीका लागि परीक्षा केन्द्रमा टाँस गर्नुपर्नेछ। पहिलो चरणमा उत्तीर्ण उम्मेदवारलाई मात्र दोस्रो चरणको परीक्षामा समावेश गराउनु पर्नेछ।अन्तिम चरणसम्म उत्तीर्ण भएका उम्मेदवारहरूको प्रत्येक चरणको प्राप्ताङ्क तयार गरी राख्नु पर्नेछ।

(३) अन्तिम योग्यताक्रम सिफारिसका क्रममा एकैपटक प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाको प्राप्ताङ्क जोडी नतिजा प्रकाशन हुनेमा प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाबाट मूल्याङ्कन गरी राखेका सिलबन्दी मूल्याङ्कन फारामबाट प्राप्ताङ्क जोडी सो समेतको आधारमा अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ।

तर प्रयोगात्मक परीक्षामा पूर्णाङ्कको पचास प्रतिशत उत्तीर्णाङ्क प्राप्त नगर्ने उम्मेदवारलाई अन्तिम सिफारिस योग्यता क्रममा समावेश गरिनेछैन।

## परिच्छेद- ५

## विविध

१४. **परीक्षासँग सम्बन्धित काममा संलग्न हुन नहुने:** प्रयोगात्मक तथा सीप परीक्षण परीक्षामा नजिकको नातेदार परीक्षार्थी भएको खण्डमा पदाधिकारी, विषय विज्ञ वा दक्ष तथा कर्मचारीहरू र परीक्षामा खटिने जनशक्तिहरू प्रश्न निर्माण,प्रश्न परिमार्जन तथा परीक्षा र नतिजासँग सम्बन्धित कुनै पनि काममा संलग्न हुनुहुँदैन।

१५. **केन्द्रीय प्रतिनिधिको व्यवस्था:** आयोग मातहतका कार्यालयबाट सञ्चालन गरीने प्रयोगात्मक तथा सीप परीक्षण परीक्षामा आयोगको केन्द्रीय कार्यालयले केन्द्रीय प्रतिनिधि खटाउनु पर्नेछ र मातहतका कार्यालयबाट सञ्चालन हुने त्यस्तो परीक्षासँग सम्बन्धित सम्पूर्ण कार्यहरू केन्द्रीय प्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ।

१६. **सिलछाप सम्बन्धी व्यवस्था:** यस मापदण्ड बमोजिमका कामकारबाहीसँग सम्बन्धित गोप्य कागजात मुचुल्का सहित सिलबन्दी गर्नुपर्नेछ । यसरी कागजात राखिने पोका वा खाममा प्रयोग गरिने सिलछापमा कुन सङ्केत वा चिन्ह अङ्कित गरिएको हो र कति संख्यामा लगाइएको हो सोको व्यहोरा त्यस्तो पोका वा खाममा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

१७. **खर्चको मापदण्ड:** (१) यस मापदण्ड बमोजिम परीक्षा सञ्चालन गर्दा हुने खर्च आयोगको खर्च सम्बन्धी स्वीकृत कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ।

(२) नेपाल वन सेवा अन्तर्गतका शाखा अधिकृत (हातिसार), सुब्बा, दरोगा, फणित, पछुवा, माहुत, बन रक्षक, गेम स्काउट पदका प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा हुने खर्च अनुसूची-७ मा तोकिए बमोजिम हुनेछ।

१८. **ल्याब तथा उपकरणको व्यवस्थापन तथा सञ्चालन:** (१) प्रयोगात्मक तथा सीप परीक्षण परीक्षाको लागि कम्प्युटर लगायतका सूचना प्रविधिसँग सम्बन्धित कार्यका लागि प्रयोग गरिने ल्याब उपकरणको व्यवस्थापन गर्ने जिम्मेवारी केन्द्रीय कार्यालयको हकमा अन्तर्वार्ता तथा सिफारिस शाखा र मातहत कार्यालयको हकमा कार्यालय प्रमुखको हुनेछ।

(२) कम्प्युटर लगायतका सूचना प्रविधिसँग सम्बन्धित कार्यका लागि प्रयोग गरिने ल्याब उपकरणको सञ्चालन सूचना सञ्चार प्रविधि शाखाले गर्नेछ र त्यसरी कम्प्युटर ल्याबलाई प्रयोगयोग्य अवस्थामा राख्नको लागि सूचना सञ्चार प्रविधि शाखाले देहाय बमोजिमको कार्य नियमित रूपमा गर्नुपर्नेछः-

(क) विद्युतको आपूर्ति र लोडसेडिङ्ग हुँदाको बखतमा विद्युत प्रवाह नियमित गर्नका लागि ब्याकअप (जेनेरेटर तथा यु.पि.एस.) को व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने,

(ख) जेनेरेटर तथा यु.पि.एस.को बेलाबेलामा मर्मत तथा संभार गरी चुस्त दुरुस्त रूपमा राख्ने,

(ग) विद्युतीय केवलहरूको नियमित रूपमा जाँच गर्ने,

(घ) कम्प्युटरको हार्डवेयर (किबोर्ड/माउस/यु.पि.एस./मेमोरी) नियमित रूपमा परीक्षण गर्ने,

(ङ) कम्प्युटरमा अपरेटीङ्ग सिस्टम लगायत अन्य सफ्टवेयरले काम गरे वा नगरेको जाँच गरी अद्यावधिक राख्ने,

(च) परीक्षाको लागि आवश्यक पर्ने सफ्टवेयर इन्सटल (Install) तथा अद्यावधिक गर्ने,

(छ) प्रिन्टर तथा टोनरको व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने,

(ज)ल्यावमा भएका कम्प्युटरमा इन्टरनेट तथा नेटवर्कको अवस्था जाँच गरी आवश्यक व्यवस्थापन गर्ने, र

(झ)कम्प्युटरमा एन्टिभाईरस (Antivirus) राख्न तथा अद्यावधिक गर्न समन्वय गर्ने।

१९. **<u>अन्य</u>:** प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा सञ्चालन तथा व्यवस्थापनसँग सम्बधित व्यवस्था यस मापदण्डमा उल्लेख भएकोमा यसै मापदण्ड बमोजिम र उल्लेख नभएकोमा ऐन, नियमावली तथा निर्देशिकामा व्यवस्था भएबमोजिम हुनेछन्।

२०. **<u>वाधा अड्काउ फुकाउने अधिकार:</u>** यस मापदण्डमा उल्लेख भएका व्यवस्थाहरू कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ परेमा ऐन, नियमावली तथा निर्देशिकाको मर्म र भावनाको प्रतिकूल नहुने गरी आयोगले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

२१. **<u>खारेजी र बचाउ</u>:** (१) “नेपाल वन सेवा, श्रेणी विहिन, वन रक्षक, गेम स्काउट र माहुत पदको प्रथम चरणको परीक्षा सञ्चालन गर्न आवश्यक जनशक्ति, कार्य चरण तथा विविध खर्च सम्बन्धी व्यवस्था, २०८०” खारेज गरिएको छ।

(२) “नेपाल वन सेवा, श्रेणी विहिन, वन रक्षक, गेम स्काउट र माहुत पदको प्रथम चरणको परीक्षा सञ्चालन गर्न आवश्यक जनशक्ति, कार्य चरण तथा विविध खर्च सम्बन्धी व्यवस्था, २०८०” बमोजिम भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची – १
## (दफा ४ को उपदफा (८) सँग सम्बन्धित)
## प्रयोगात्मक तथा सीप परीक्षण परीक्षा हुने पद

**क. प्रयोगात्मक परीक्षा हुने पदको विवरण**

| क्र.सं. | सेवा | समूह | उपसमूह | श्रेणी/तह | पद | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षाको समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल इन्जिनियरिङ्ग | मेकानिकल | निर्माण उपकरण संभार | राजपत्र अनङ्कित प्रथम | सिनियर अपरेटर | ५० | २५ | २ घण्टा |
| | | मेकानिकल | निर्माण उपकरण संभार | राजपत्र अनङ्कित प्रथम | सिनियर मेकानिक्स/ मेकानिकल सुपरभाइजर/ सिनियर वेल्डर/सिनियर मेशिनिष्ट/ सिनियर ब्लाक स्मिथ/ सिनियर स्टोर मेकानिक्स | ५० | २५ | १ घण्टा ३० मिनेट |
| | | मेकानिकल ईन्जिनियरिङ्ग | जनरल मेकानिकल | राजपत्र अनङ्कित द्वितीय | मेकानिक्स/जुनियर मेकानिक्स | ५० | २५ | १ घण्टा ३० मिनेट |
| | | मेकानिकल | निर्माण उपकरण संभार | राजपत्र अनङ्कित द्वितीय | अपरेटर | ५० | २५ | १ घण्टा ३० मिनेट |
| | | मेकानिकल ईन्जिनियरिङ्ग | निर्माण उपकरण संभार | राजपत्र अनङ्कित द्वितीय | ईलेक्ट्रिसियन | ५० | २५ | २ घण्टा |
| | | मेकानिकल | निर्माण उपकरण संभार | राजपत्र अनङ्कित द्वितीय | मेकानिक्स/वेल्डर/मेशिनिष्ट ब्लाक स्मिथ | ५० | २५ | २ घण्टा |
| | | मेकानिकल | निर्माण उपकरण संभार | राजपत्र अनङ्कित द्वितीय | स्टोर मेकानिक्स | ५० | २५ | २ घण्टा |
| | | मेकानिकल | जनरल मेकानिकल | श्रेणी विहीन | हलुका सवारी चालक | ५० | २५ | - |
| | | ईलेक्ट्रिकल | जनरल ईलेक्ट्रिकल | राजपत्र अनङ्कित द्वितीय | ईलेक्ट्रिसियन | ५० | २५ | १ घण्टा |
| २ | नेपाल वन | हात्तीसार | - | राजपत्राङ्कित तृतीय | शाखा अधिकृत (हात्तीसार) | ५० | २५ | १ घण्टा |
| | | हात्तीसार | - | राजपत्र अनङ्कित प्रथम | सुब्बा | ५० | २५ | १ घण्टा |
| | | हात्तीसार | - | राजपत्र अनङ्कित द्वितीय | दरोगा | १०० | ५० | १ घण्टा |
| | | हात्तीसार | - | श्रेणी विहीन | फणित/पछुवा/माहुत | १०० | ५० | ४० मिनेट |

| क्र.सं. | सेवा | समूह | उपसमूह | श्रेणी/तह | पद | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षाको समय |
|---|---|---|---|---|---|---|---|---|
| | | जनरल फरेष्ट्री | - | श्रेणी विहीन | वन रक्षक | ५० | २५ | ४५ मिनेट |
| | | नेशनल पार्क्स तथा वाइल्डलाइफ | - | श्रेणी विहीन | गेम स्काउट | ५० | २५ | ४५ मिनेट |
| ३ | नेपाल विविध | - | - | राजपत्राङ्कित तृतीय | कम्प्युटर अधिकृत | ५० | २५ | १ घण्टा ३० मिनेट |
| | | - | - | राजपत्र अनङ्कित प्रथम | कम्प्युटर अपरेटर/डाटा इन्ट्रि सुपरभाइजर | ५० | २५ | ४५ मिनेट |
| | | - | - | राजपत्र अनङ्कित प्रथम | कम्प्युटर टेक्निसियन | ५० | २५ | १ घण्टा |
| | | - | - | राजपत्र अनङ्कित प्रथम | प्रमुख शिक्षक (सिलाई) | ५० | २५ | १ घण्टा |
| | | - | - | राजपत्र अनङ्कित द्वितीय | सहायक कम्प्युटर अपरेटर | ५० | २५ | ४५ मिनेट |
| ४ | नेपाल शिक्षा | कला | चित्रकला | राजपत्राङ्कित तृतीय | चित्रकला अधिकृत | ५० | २५ | ३ घण्टा |
| | | मुद्रण | मुद्रण व्यवस्थापन | राजपत्र अनङ्कित प्रथम | वरिष्ठ मुद्रण सहायक | ५० | २५ | १ घण्टा |
| | | मुद्रण | मुद्रण व्यवस्थापन | राजपत्र अनङ्कित प्रथम | सिनियर प्रुफ रिडर | ५० | २५ | १ घण्टा |
| | | मुद्रण | मुद्रण व्यवस्थापन | राजपत्र अनङ्कित प्रथम | सिनियर प्लेट मेकर | ५० | २५ | १ घण्टा |
| | | मुद्रण | मुद्रण व्यवस्थापन | राजपत्र अनङ्कित प्रथम | सिनियर बुक बाइन्डर | ५० | २५ | ३० मिनेट |
| | | मुद्रण | मुद्रण व्यवस्थापन | राजपत्र अनङ्कित द्वितीय | मुद्रण सहायक | ५० | २५ | १ घण्टा ३० मिनेट |
| ५ | राष्ट्रिय मानव अधिकार आयोग | - | - | सहायक प्रथम | सूचना प्रविधि सहायक वा सो सरह | ५० | २५ | ४५ मिनेट |
| ६ | सङ्घीय संसद | प्राविधिक | - | राजपत्र अनङ्कित प्रथम | ओभरसियर (ईलेक्ट्रिकल) | ५० | २५ | १ घण्टा |

| क्र.सं. | सेवा | समूह | उपसमूह | श्रेणी/तह | पद | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षाको समय |
|---|---|---|---|---|---|---|---|---|
| | | सूचना प्रविधि | - | राजपत्र अनङ्कित प्रथम | कम्प्युटर अपरेटर | ५० | २५ | ४५ मिनेट |
| | | शिक्षा तथा मुद्रण | - | राजपत्र अनङ्कित प्रथम | भिडियोग्राफर | ५० | २५ | १ घण्टा |
| | | प्राविधिक | - | राजपत्र अनङ्कित प्रथम | माइक सञ्चालक र रेकर्डिङ्ग अपरेटर | ५० | २५ | १ घण्टा |
| | | प्राविधिक | | राजपत्र अनङ्कित प्रथम | म्यासेज सञ्चालक | ५० | २५ | १ घण्टा |
| | | शिक्षा तथा मुद्रण | - | राजपत्र अनङ्कित प्रथम | सिनियर प्रेस टेक्निसियन | ५० | २५ | १ घण्टा |
| | | प्राविधिक | - | राजपत्र अनङ्कित द्वितीय | सब इलेक्ट्रिकल ओभरसियर | ५० | २५ | १ घण्टा |
| | | प्राविधिक | - | राजपत्र अनङ्कित द्वितीय | मेकानिक्स | ५० | २५ | १ घण्टा |

**ख. सीप परीक्षण परीक्षा हुने पदको विवरण**

| क्र. सं. | सेवा | समूह/ उपसमूह | श्रेणी/तह | पद | परीक्षाको नाम | पूर्णाङ्क | परीक्षाको समय |
|---|---|---|---|---|---|---|---|
| १ | अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संघीय संसद) | संयुक्त/एकीकृत | राजपत्र तृतीय | शाखा अधिकृत वा सो सरह | सूचना प्रविधि सीप परीक्षण | १० | २० मिनेट |
| २ | अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संघीय संसद) | | राजपत्र अनङ्कित प्रथम | नायव सुब्बा वा सो सरह | कम्प्युटर सीप परीक्षण | १० | १५ मिनेट |
| ३ | अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संघीय संसद) | | राजपत्र अनङ्कित द्वितीय | खरिदार वा सो सरह | कम्प्युटर सीप परीक्षण | १० | १५ मिनेट |

## अनुसूची-२

## (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

### परीक्षा सञ्चालन गर्दा पदको प्रकृति बमोजिम गर्नुपर्ने सञ्चालन तथा व्यवस्थापनको विषय

**नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, निर्माण उपकरण संभार उपसमूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, सिनियर अपरेटर र राजपत्र अनङ्कित द्वितीय श्रेणी, अपरेटर पद**

१. परीक्षा सुरु गर्नु अघि परीक्षास्थलमा सबै मेसिनहरू (डोजर, लोडर, एक्साभेटर, ग्रेडर, रोलर, क्रेन आदि) को अवस्था, इन्धन, तेल र अन्य आवश्यक सामग्रीको उपलब्धता जाँच गर्नु पर्नेछ।
२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी दिनुपर्नेछ ।
३. मेसिनहरूको दैनिक निरीक्षण (Walk Around Inspection) गरी कुनै क्षति, तेल चुहावट वा अन्य समस्या छ कि छैन भनी परीक्षण गर्नुपर्नेछ।
४. मेसिन माउन्ट गर्ने र डिसमाउन्ट गर्ने प्रक्रिया सावधानीपूर्वक गर्नुपर्नेछ।
५. मेसिन स्टार्ट गर्नु अघि र पछि आवश्यक निरीक्षण (Before and After Start Inspection) विधिवत गर्ने क्षमता देखाउनुपर्नेछ।
६. मेसिन सुरक्षित तरिकाले पार्क गर्नुपर्नेछ।
७. मेसिन चलाउँदा सुरक्षा नियमहरू कडाइका साथ पालना गर्ने र व्यक्तिगत तथा मेसिनको सुरक्षा गर्नुपर्नेछ।
८. मेसिनलाई उचित गति र तरिकाले चलाउँदै सुरक्षित रूपमा यात्रा गर्नुपर्नेछ।
९. ग्रीस गनको प्रयोग, इन्धन र तेलको टप-अप लगायत सानातिना मर्मत कार्य कुशलतापूर्वक गर्नुपर्नेछ।
१०. डोजरमा स्लट, साइड बाइ साइड, एंगल र डाउन हिल डोजिङ, रिपिङ, ड्रेन र ब्याटर निर्माण, जमिन सफा गर्ने कार्य गर्नु पर्दछ।
११. लोडरमा स्टकपाइल वा ट्रक लोड/अनलोड, ग्रेडिङ, ब्याकफिलिङ र उठाउने कार्यहरू सक्षम ढंगले गर्नुपर्नेछ।
१२. एक्साभेटरमा खाल्डो, स्क्वायर पिट, ड्रेन खन्ने, ट्रकमा लोड गर्ने र उठाउने कार्यमा दक्ष हुनुपर्नेछ।
१३. ग्रेडरमा ग्रेडिङ, स्क्यारिफाइङ, ड्रेन निर्माण र क्याम्बरिङ कार्य गर्न सक्ने हुनुपर्नेछ।
१४. रोलरमा रोलिङ, कम्प्याक्सन र ब्लास्टिङ कार्यमा दक्ष हुनुपर्नेछ।
१५. क्रेन सेटअप गर्ने, हात र विसल सिग्नल बुझ्ने र लोड उठाउने कार्य गर्नुपर्नेछ।
१६. परीक्षाको क्रममा उपकरण प्रयोग गर्दा आफ्नो र त्यस्ता उपकरणको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र उपकरणमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ ।
१७. परीक्षाको क्रममा कुनै पनि मेसिन वा उपकरणमा समस्या वा खराबी देखिएमा तुरुन्त परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।
१८. परीक्षा सकिएपछि सबै उपकरण, मेसिन र सामग्री यथास्थानमा सुरक्षित राख्ने र प्रयोगशाला सफा गर्नुपर्नेछ।
१९. परीक्षाको कार्यसम्बन्धी नोट, रिपोर्ट वा परीक्षण सामग्री परीक्षामा खटिएका जनशक्तिलाई व्यवस्थित रूपमा बुझाउनु पर्दछ।

२०. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नु पर्नेछ ।

**नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, निर्माण उपकरण संभार उपसमूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, सिनियर मेकानिक्स/ मेकानिकल सुपरभाइजर/ सिनियर वेल्डर/ सिनियर मेशिनिष्ट/ सिनियर ब्लाक स्मिथ/ सिनियर स्टोर मेकानिक्स पद/राजपत्र अनङ्कित द्वितीय श्रेणी, मेकानिक्स/वेल्डर/मेशिनिष्ट/ब्लाक स्मिथ/स्टोर मेकानिक्स पद**

१. परीक्षा सुरु गर्नु अघि प्रयोगशालाको कार्यक्षेत्रमा उपलब्ध उपकरण, हातका उपकरण, विशेष उपकरण र सामग्रीको अवस्था जाँच गरी प्रयोगयोग्य रहेको सुनिश्चित गर्नु पर्नेछ।
२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी दिनुपर्नेछ ।
३. पर्सनल प्रोटेक्सन इक्युप्मेन्ट (Persional Protecton Equipment) (जस्तै पञ्जा, गगल्स, मास्क, एप्रोन, सेफ्टी जुत्ता आदि) अनिवार्य रूपमा प्रयोगमा ल्याउनु पर्नेछ। यस्ता सामानको व्यवस्था परीक्षार्थी स्वयंले गर्नुपर्नेछ।
४. मेसिनका मुख्य कम्पोनेन्ट, भाग र तिनका प्रमुख विशेषता पहिचान गर्न सक्नुपर्नेछ।
५. विभिन्न लुब्रिकेन्ट, इन्धन र सुरक्षित उपकरणको सही तरिकाले परिचय र भण्डारण गर्न सक्नुपर्नेछ।
६. लिफ्टिङ र होइस्टिङ उपकरणको प्रयोग र ह्यान्डलिङ गर्नुपर्नेछ।
७. हाइड्रोलिक पाइप, होज र ग्रीस निप्पल परिवर्तन गर्न सक्नुपर्नेछ।
८. तेल, इन्धन, हावा, हाइड्रोलिक र ट्रान्समिसन फिल्टर परिवर्तन गर्न र लुब्रिकेन्ट थप्न सक्नुपर्नेछ।
९. कुलिङ प्रणाली, इन्धन प्रणाली, क्लच प्रणाली, ब्रेक प्रणाली, स्टीयरिङ र हाइड्रोलिक प्रणाली तथा विद्युतीय प्रणाली मर्मत गर्न सक्नुपर्नेछ।
१०. इन्धन इन्जेक्शन पम्पको समायोजन, ट्यापेट क्लियरन्स र पम्प टाइमिङ ठीक गर्ने कार्य गर्नुपर्नेछ।
११. वर्कशप म्यानुअल र पार्ट्स क्याट्लग पढेर कार्यसम्पादन गर्न सक्नुपर्नेछ।
१२. ड्रिल मेसिन प्रयोग गर्न सक्नुपर्नेछ।
१३. निर्माण उपकरणको अन्डरकारिज मर्मत सम्भार गर्नुपर्नेछ।
१४. नोजल इन्जेक्टर परीक्षण गर्न सक्नुपर्नेछ।
१५. वेल्डिङसम्बन्धी कार्यमा आर्क वेल्डिङ, अक्सि-असेटिलिन वेल्डिङ, कटिङ, ब्रेजिङ र सोल्डरिङ उपकरणको प्रयोग गर्न सक्नुपर्नेछ (सिनियर वेल्डरको लागि)।
१६. परीक्षाको काम सकिएपछि प्रयोग गरिएका उपकरण र सामग्री सफा गरी यथास्थानमा राख्नुपर्नेछ।
१७. परीक्षार्थीले परीक्षाको क्रममा उपकरण प्रयोग गर्दा आफ्नो र त्यस्ता उपकरणको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र उपकरणमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ ।
१८. परीक्षाको क्रममा कुनै पनि मेसिन वा उपकरणमा समस्या वा खराबी देखिएमा तुरुन्त परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।
१९. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नु पर्नेछ ।

**नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल ईन्जिनियरिङ्ग समूह, जनरल मेकानिकल उपसमूह, राजपत्र अनङ्कित द्वितीय श्रेणी, मेकानिक्स/जुनियर मेकानिक्स पद**

१. परीक्षा सुरु गर्नु अघि परीक्षास्थलमा उपलब्ध उपकरणको अवस्था जाँच गरी प्रयोग योग्य भएको सुनिश्चित गर्नु पर्नेछ।
२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।
३. पर्सनल प्रोटेक्सन इक्युप्मेन्ट (Persional Protecton Equipment) (जस्तै पञ्जा, गगल्स, मास्क, एप्रोन, सेफ्टी जुत्ता आदि) अनिवार्य रूपमा प्रयोगमा ल्याउनु पर्नेछ। यस्ता सामानको व्यवस्था परीक्षार्थी स्वयंले गर्नुपर्नेछ।
४. मेसिनका मुख्य कम्पोनेन्ट, भाग र तिनका प्रमुख विशेषता पहिचान गर्न सक्नुपर्नेछ।
५. विभिन्न लुब्रिकेन्ट, इन्धन र सुरक्षित उपकरणको सही तरिकाले परिचय र भण्डारण गर्न सक्नुपर्नेछ।
६. लिफ्टिङ र होइस्टिङ उपकरणको प्रयोग र ह्यान्डलिङ सम्बन्धी कार्य गर्नुपर्नेछ।
७. हाइड्रोलिक पाइप, होज र ग्रीस निप्पल परिवर्तन गर्न सक्नुपर्नेछ।
८. तेल, इन्धन, हावा, हाइड्रोलिक र ट्रान्समिसन फिल्टर परिवर्तन गर्न र लुब्रिकेन्ट थप्न सक्नुपर्नेछ।
९. कूलिङ प्रणाली, इन्धन प्रणाली, क्लच प्रणाली, ब्रेक प्रणाली, स्टीयरिङ र हाइड्रोलिक प्रणाली तथा विद्युतीय प्रणाली मर्मत गर्न सक्नुपर्नेछ।
१०. इन्धन इन्जेक्शन पम्पको समायोजन, ट्यापेट क्लियरेन्स र पम्प टाइमिङ ठीक गर्न सक्नुपर्नेछ।
११. वर्कशप म्यानुअल र पार्ट्स क्याटलग पढेर कार्यसम्पादन गर्न सक्नुपर्नेछ।
१२. ड्रिल मेसिन प्रयोग गर्न सक्नुपर्नेछ।
१३. निर्माण उपकरणको अन्डरकारिज मर्मत सम्भार गर्नुपर्नेछ।
१४. नोजल इन्जेक्टर परीक्षण गर्न सक्नुपर्नेछ।
१५. परीक्षाको काम सकिएपछि प्रयोग गरिएका उपकरण र सामग्री सफा गरी यथास्थानमा राख्नुपर्नेछ।
१६. परीक्षार्थीले परीक्षाको क्रममा उपकरण प्रयोग गर्दा आफ्नो र त्यस्ता उपकरणको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र उपकरणमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ ।
१७. परीक्षाको क्रममा कुनै पनि मेसिन वा उपकरणमा समस्या वा खराबी देखिएमा तुरुन्त परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।
१८. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नु पर्नेछ ।

**नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल ईन्जिनियरिङ्ग समूह, निर्माण उपकरण संभार उपसमूह, राजपत्र अनङ्कित द्वितीय श्रेणी, ईलेक्ट्रिसियन पद**

१. परीक्षा सुरु गर्नु अघि परीक्षास्थलमा उपलब्ध उपकरण, औजार र सामग्रीको अवस्था र कार्यक्षमता परीक्षण गरी प्रयोग योग्य भएको सुनिश्चित गर्नु पर्नेछ।
२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।

३. पर्सनल प्रोटेक्सन इक्युप्मेन्ट (Persional Protecton Equipment) (PPE) (जस्तै इन्सुलेटेड ग्लोभ्स, सेफ्टी जुत्ता, मास्क आदि) प्रयोगमा ल्याउनु पर्नेछ। यस्ता सामानको व्यवस्था परीक्षार्थी स्वयंले गर्नुपर्नेछ।
४. विद्युतीय उपकरण र औजारको सही पहिचान र प्रयोग गर्नुपर्नेछ।
५. विभिन्न विद्युत् कम्पोनेन्टहरू (जस्तैः फ्युज, स्विच, वायरिङ, कनेक्टर, लाइट बल्ब, मोटर आदि) पहिचान गर्न सक्नुपर्नेछ।
६. इन्जिन जम्प स्टार्ट गर्ने तरिका र प्रक्रिया दक्षतापूर्वक गर्नुपर्नेछ।
७. लाइटिङ सिस्टमको त्रुटि पहिचान र निदान (fault finding) गर्नुपर्नेछ।
८. स्टेटर मोटर र अल्टरनेटरको सेवा र मर्मत गर्न सक्नुपर्नेछ।
९. इग्निशन सिस्टमको समस्या पत्ता लगाई निदान गर्न सक्नुपर्नेछ।
१०. स्टार्टिङ सिस्टम सम्बन्धी खराबीहरू परीक्षण र समाधान गर्न सक्नुपर्नेछ।
११. चार्जिङ सिस्टमको समस्या पहिचान र मर्मत सम्भार गर्न सक्नुपर्नेछ।
१२. फ्युज र सम्बन्धित सुरक्षा उपकरणको निरीक्षण गरी आवश्यक परेमा प्रतिस्थापन गर्न सक्नुपर्नेछ।
१३. परीक्षा समाप्त भए पछि प्रयोग गरिएका उपकरण र सामग्री सफा गरी यथास्थानमा सुरक्षित राख्नुपर्नेछ।
१४. परीक्षार्थीले परीक्षाको क्रममा उपकरण वा विद्युतीय प्रणाली प्रयोग गर्दा आफ्नो र त्यस्ता उपकरणको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र उपकरणमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ ।
१५. परीक्षाको क्रममा कुनै पनि उपकरण वा विद्युतीय प्रणालीमा समस्या वा खराबी देखिएमा तुरुन्त परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।
१६. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नु पर्नेछ ।

**नेपाल इन्जिनियरिङ्ग सेवा, ईलेक्ट्रिकल समूह, जनरल ईलेक्ट्रिकल उपसमूह, राजपत्र अनङ्कित द्वितीय श्रेणी, ईलेक्ट्रिसियन पद**

१. परीक्षा सुरु गर्नु अघि परीक्षास्थलमा उपलब्ध उपकरण, औजार र सामग्रीको अवस्था र कार्यक्षमता परीक्षण गरी प्रयोग योग्य भएको सुनिश्चित गर्नु पर्नेछ।
२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।
३. पर्सनल प्रोटेक्सन इक्युप्मेन्ट (Persional Protecton Equipment) (जस्तै इन्सुलेटेड ग्लोभ्स, सेफ्टी जुत्ता, मास्क आदि) प्रयोगमा ल्याउनु पर्नेछ। यस्ता सामानको व्यवस्था परीक्षार्थी स्वयंले गर्नुपर्नेछ।
४. विद्युतीय उपकरण र औजारको सही पहिचान र प्रयोग गर्नुपर्नेछ।
५. विभिन्न विद्युत् कम्पोनेन्टहरू (जस्तैः फ्युज, स्विच, वायरिङ, कनेक्टर, लाइट बल्ब, मोटर आदि) पहिचान गर्न सक्नुपर्नेछ।
६. इन्जिन जम्प स्टार्ट गर्ने तरिका र प्रक्रिया दक्षतापूर्वक गर्नुपर्नेछ।
७. लाइटिङ सिस्टमको त्रुटि पहिचान र निदान (fault finding) गर्नुपर्नेछ।
८. स्टेटर मोटर र अल्टरनेटरको सेवा र मर्मत गर्न सक्नुपर्नेछ।
९. इग्निशन सिस्टमको समस्या पत्ता लगाई निदान गर्नुपर्नेछ।

१०. स्टार्टिङ सिस्टम सम्बन्धी खराबीहरू परीक्षण र समाधान गर्न सक्नुपर्नेछ।
११. चार्जिङ सिस्टमको समस्या पहिचान र मर्मत सम्भार गर्न सक्नुपर्नेछ।
१२. फ्युज र सम्बन्धित सुरक्षा उपकरणको निरीक्षण गरी आवश्यक परेमा प्रतिस्थापन गर्न सक्नुपर्नेछ।
१३. परीक्षा सकिएपछि प्रयोग गरिएका उपकरण र सामग्री सफा गरी यथास्थानमा सुरक्षित राख्नुपर्नेछ।
१४. परीक्षार्थीले परीक्षाको क्रममा उपकरण वा विद्युतीय प्रणाली प्रयोग गर्दा आफ्नो र त्यस्ता उपकरणको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र उपकरणमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ ।
१५. परीक्षाको क्रममा कुनै पनि उपकरण वा विद्युतीय प्रणालीमा समस्या वा खराबी देखिएमा तुरुन्त परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।
१६. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नु पर्नेछ ।

**नेपाल वन सेवा, हात्तीसार समूह अन्तर्गत राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत (हात्तीसार) पद, राजपत्र अनङ्कित प्रथम श्रेणी, सुब्बा पद, राजपत्र अनङ्कित द्वितीय श्रेणी, दरोगा पद, श्रेणी विहीन, फणित/पछुवा/माहुत पद, नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, श्रेणी विहीन, वन रक्षक पद र नेपाल वन सेवा, नेशनल पार्क्स तथा वाइल्ड लाइफ समूह, श्रेणी विहीन, गेम स्काउट पद**

**क. शारीरिक परीक्षण सम्बन्धी व्यवस्था**

नेपाल वन सेवा अन्तर्गत जनरल फरेष्ट्री समूह, श्रेणी विहीन, वन रक्षक र नेशनल पार्कस एण्ड वाइल्ड लाइफ समूह, श्रेणी विहीन गेमस्काउट पदको लागि शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा सञ्चालन सम्बन्धी

**शारीरिक परीक्षण परीक्षा:**

१. शारीरिक परीक्षण सम्बन्धी उल्लेखित प्रत्येक परीक्षणका क्रियाकलापको व्यवस्थापन र मूल्याङ्कनमा संलग्न हुने निकाय, मूल्याङ्कनकर्ता र परीक्षामा खटिएका जनशक्तिको जिम्मेवारी निर्धारण गरी निजहरूलाई जानकारी गराउनुपर्नेछ। यसरी जिम्मेवारी तोकिएको विवरण सुरक्षितसाथ राख्नुपर्नेछ।
२. सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल) बाट परीक्षाका लागि जनशक्ति र उपकरण माग गर्न सकिनेछ र माग गरिएमा उक्त उपकरणको अवस्था समेत स्पष्ट खुलाई उपलब्ध गराउन अनुरोध गर्नुपर्नेछ।
३. परीक्षा सञ्चालनको क्रममा उम्मेदवारहरूको क्रम संख्या (...देखि....सम्म) विभाजन गर्नुपर्नेछ।
४. शारीरिक परीक्षणका क्रियाकलापहरू एकपछि अर्को गर्ने गरी सिलसिलेवार व्यवस्थापन गर्नुपर्नेछ। उम्मेदवारहरूलाई शारीरिक परीक्षणको कुन क्रियाकलाप पछि कहाँ जाने भन्ने स्पष्ट निर्देशन दिनुपर्नेछ।
५. पुरुष र महिला उम्मेदवारको मापदण्ड पाठ्यक्रममा तोकिए बमोजिम फरक फरक हुनेछ।
६. परीक्षकले मूल्याङ्कनमा आवश्यकता अनुसार उम्मेदवारको शारीरिक परीक्षण एक भन्दा वढी पटक समेत गर्न सक्ने छन् र मूल्याङ्कनकर्ताले प्रत्येक परीक्षणको क्रियाकलाप सम्पन्न भए पश्चात उत्तीर्ण वा अनुत्तीर्णको विवरण राखी उम्मेदवारलाई जानकारी प्रदान गर्नुपर्नेछ।

७. शारीरिक परीक्षणको कुनै क्रियाकलापमा तोकिएको मापदण्ड पूरा गर्ने उम्मेदवारलाई उत्तीर्ण घोषणा गरी अर्को परीक्षणको क्रियाकलापमा समावेश गराइनेछ भने मापदण्ड पूरा नभएका उम्मेदवारलाई अनुत्तीर्ण घोषणा गरिनेछ।

८. उपरोक्त परीक्षणका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण सम्बन्धित मूल्याङ्कनकर्ता (नापजाँच गर्ने, टिपोटकर्ता समेत) ले स्पष्ट खुलाउने र फाराममा प्रमाणित समेत गर्नुपर्नेछ ।

**अ. तन्दुरुस्ती परीक्षा**

**क. दौड**

१. दौड मूल्याङ्कनको लागि दौड क्षेत्रको भौतिक अवस्था निरीक्षण गरी उपयुक्त क्षेत्रको चयन गर्ने, दौड एरियाको मापन उपयुक्त विधिबाट गरी दौडनुपर्ने शुरु स्थान र अन्त्य स्थान स्पष्ट रेखांकन गरी निर्धारण गर्नुपर्नेछ।

२. सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल) बाट जनशक्ति र दौड व्यवस्थापनमा प्रयोग हुने उपकरण (जस्तै फिता, सिटी, स्टपवाच, निशानको लागि मार्कर पाउडर) माग गर्न सकिनेछ र यसरी माग गरिएमा उक्त सामानको अवस्था समेत स्पष्ट खुलाई उपलब्ध गराउन अनुरोध गर्नुपर्नेछ।

३. दौड परीक्षाको सञ्चालन, व्यवस्थापन र मूल्याङ्कनमा संलग्न हुने निकाय, मूल्याङ्कनकर्ता र कर्मचारीको जिम्मेवारी (टाइम किपर, टिपोटकर्ता, मूल्याङ्कन अंक प्रदान गर्ने र प्रमाणित गर्ने लगायतको) बाँडफाँट गरी निजहरूले सम्पादन गरेको कार्यको मूल्याङ्कन फाराममा त्यस्तो जनशक्तिको दस्तखत गराउनु पर्नेछ। प्रत्येक उम्मेदवारले दौडमा पार (राउण्ड) गरेको समय गणना गर्नको लागि छुटा छुट्टै कर्मचारी खटाइने छ। यसरी जिम्मेवारी तोकिएको विवरण सुरक्षितसाथ राख्नुपर्नेछ।

४. परीक्षा सञ्चालनको क्रममा उम्मेदवारहरूको क्रम संख्या (...देखि....सम्म) विभाजन गर्नुपर्नेछ। उम्मेदवारहरूलाई दौड परीक्षा सञ्चालनको प्रक्रिया र मापदण्ड तथा दौड समाप्त भएपछि कहाँ जाने वा कुन क्रियाकलाप गर्ने भन्ने विषयमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।

५. उम्मेदवारले दौडमा सहभागी हुनको लागि गेम ड्रेस, ट्र्याकसुट र स्पोर्टस शुज प्रयोग गर्नुपर्नेछ। यस्ता सामानको व्यवस्थापन तथा सुरक्षाको प्रवन्ध परीक्षार्थी स्वंयले गर्नुपर्नेछ।

६. दौड परीक्षा सञ्चालन गर्ने स्थानको सुरक्षाको लागि सम्बन्धित सुरक्षा निकायसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

७. दौड परीक्षा सञ्चालन गर्ने स्थानमा स्वास्थ्यकर्मी सहित प्राथमिक उपचारको व्यवस्थापन गर्नुपर्नेछ।

८. दौड परीक्षा सञ्चालनको श्रव्यदृश्य रेर्कड गर्नको लागि आवश्यक जनशक्ति र उपलब्ध भएसम्मका उपकरण (सि.सि.टि.भी क्यामेरा, भिडियो क्यामेरा आदि) को व्यवस्थापन गर्न सकिनेछ।

९. प्रत्येक उम्मेदवारलाई दौड परीक्षामा सहभागी हुन छुट्टाछुट्टै चेष्ट नम्वर प्रदान गरी सोको विवरण उल्लेख गर्नुपर्नेछ। दौड शुरु हुने अवस्थामा उम्मेदवारहरू दौड शुरु हुने लाइनको पछाडि उभिनु पर्नेछ।

१०. उम्मेदवारले निर्धारित दुरीसम्म विश्राम नलिई तोकिएको समयावधि भित्र दौड पूरा गर्नु पर्नेछ । दौड शुरुको जानकारी ध्वनी सङ्केत (सिटी) बाट गराउने र साथै अन्तिम समय सकिएको जानकारी समेत ध्वनी सङ्केतबाट गराउनुपर्नेछ।

११. शुरु गर्ने ध्वनी सङ्केत प्राप्त हुनासाथ दौडको लागि तोकिएको ट्रयाकमा दौडिन शुरु गरी दौड पूरा हुने अन्तिम स्थानलाई तोकिएको समय भित्र पार गर्नुपर्नेछ।
१२. उम्मेदवारले दौड पार गरेको समय उम्मेदवारलाई जानकारी गराई त्यसको टिपोट गरी मूल्याङ्कन फाराममा समेत उल्लेख गरिनेछ।
१३. उम्मेदवारले छोटो वा लामो दूरीको दौड पूरा गर्नासाथ एक्कासी नरोकिइ क्रमशः शरीरको गति कम गर्दै रोकिनुपर्नेछ।
१४. उम्मेदवारले दौडको क्रममा वा दौड पूरा गरी सके पश्चात् कुनै असहजता महसुस गरेमा परीक्षामा खटिएका जनशक्तिलाई जानकारी गराउनु पर्नेछ।
१५. दौडको क्रममा प्रतिस्पर्धी उम्मेदवारलाई नियतवस कुनै प्रकारले बाधा अवरोध सिर्जना गर्न पाइने छैन। बाधा अवरोध सिर्जना गरेमा त्यस्तो वाधा अवरोध गर्ने उम्मेदवारलाई परीक्षाबाट हटाइने छ र प्रचलित कानून बमोजिम कारबाही गरिने छ।
१६. निर्धारित समयमा दौड पूरा गरेमा पाठ्यक्रममा निर्धारण भए बमोजिम अंक प्रदान गरिनेछ। महिला र पुरुष उम्मेदवारको लागि मापदण्ड फरक फरक रहेमा सोही बमोजिम गर्नुपर्नेछ।
१७. दौड सिफ्टमा भाग लिएका उम्मेदवार संख्या (महिला,पुरुष) र सफल उम्मेदवार संख्या, दौड शुरु भएको र सकिएको समय खुलाउनु पर्नेछ।
१८. दौडको चरणबाट कुन कारण परीक्षार्थी बाहिरिएको सो स्पष्ट उल्लेख गर्नुपर्नेछ, साथै दौड पूरा गर्न प्रत्येक उम्मेदवारले लगाएको समय निर्दिष्ट फाराममा उल्लेख गर्नुपर्नेछ।
१९. तोकिएको समयमा दौड पूरा गर्ने उम्मेदवारलाई उत्तीर्ण घोषणा गरी अर्को चरणको परीक्षामा समावेश गराइनेछ भने तोकिएको समयमा दौड पूरा गर्न नसक्ने उम्मेदवारलाई अनुत्तीर्ण घोषणा गरिनेछ।
२०. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नु पर्नेछ ।

**ख. रुख चढने**

१. यस परीक्षामा उम्मेदवारको तोकिएको उचाइसम्म सुरक्षित रूपमा रुख चढ्न र रुखबाट ओर्लन सक्ने सीपलाई परीक्षण गरिनेछ।
२. महिला र पुरुषको लागि रुख चढ्ने सीप परीक्षाको मापदण्ड पाठ्यक्रममा निर्धारण भए बमोजिम हुनेछ।
३. वन वा निकुञ्ज कार्यालयसँग अग्रीम रूपमा समन्वय गरी रुख चढ्न प्रयोग गरिने रुख पहिचान गर्नुपर्नेछ। रुख छनौट गर्दा सम्भव भएसम्म सुरीलो प्रकारको, हातले खाम्न सक्ने गोलाई वा परिधि भएको, चिप्लो नभएको छनौट गर्नुपर्नेछ। रुख तोकिएको उचाई भन्दा १ मिटर माथिसम्म समाउन मिल्ने हाँगा नभएको हुनुपर्नेछ। रुख उपलव्ध हुन नसकेमा काठको पोल गाडेर पोलमा उम्मेदवारलाई चढाई परीक्षा सञ्चालन गर्नुपर्नेछ।
४. परीक्षामा खटिएका जनशक्तिहरूलाई जिम्मेवारी बाँडफाँट गर्नुपर्नेछ।
५. रुख वा पोलको फेदमा सम्भावित चोट पटकबाट बच्नको लागि नरम खालका वस्तु (वालुवा, माटो, पराल, घाँस, स्याउला, फम आदि) राख्ने व्यवस्था मिलाउनुपर्नेछ।
६. परीक्षास्थलमा स्वास्थ्यकर्मी सहित प्राथमिक उपचारको व्यवस्था गर्नुपर्नेछ।

७. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।

८. उम्मेदवारलाई क्रमसंख्याको आधारमा रुख वा पोल चढ्नको लागि तोकिएको स्थानमा उभ्याउनु पर्नेछ।

९. चढ्न शुरु गर्ने ध्वनी सङ्केत प्राप्त हुनासाथ रुख वा पोल चढ्न शुरु गर्नुपर्नेछ । परीक्षार्थी सुरक्षित रूपमा तोकिएको उचाइमा पुग्नु पर्नेछ र परीक्षकद्वारा तोकिएको उचाईमा पुगेको सङ्केत पाए पश्चात सुरक्षित रूपमा ओर्लनु पर्नेछ।

१०. उम्मेदवार स्वंयले व्यवस्था गरी रुख चढ्ने कार्यमा सहज हुने खालको (पुरा बाउला भएको र पिडुल्ला छोपिने खालको) पोशाक लगाइ उपस्थित हुनुपर्नेछ।

११. उम्मेदवारले रुख चढ्ने कार्य भन्दा अगावै चढनुपर्ने रुख वा पोलको अवलोकन गर्न सक्नेछन्।

१२. उम्मेदवारले रुख चढ्दा केवल हात, खुट्टा र अन्य भागको उपयोग गर्न पाउने छन् भने कुनै प्रकारको अन्य व्यक्ति वा सहयोगी तथा डोरी लगायत उपकरणको प्रयोग गर्न पाउने छैनन्।

१३. उम्मेदवारले आफ्नो सहजता अनुरूप जुत्ता सहित वा जुत्ता विना रुख चढ्न पाउनेछन्।

१४. रुख चढ्नको लागि बढीमा एक पटक मात्र सो समूहको अन्तिममा प्रयास गर्ने गरी थप अवसर दिइने छ। तर फरक समय र समूहमा यस्तो सुविधा उपलब्ध हुने छैन।

१५. तोकिएको उचाई पूरा गरी सुरक्षित रूपमा रुखबाट ओर्लन सक्ने उम्मेदवारलाई मात्र उत्तीर्ण घोषणा गरी अर्को चरणको परीक्षामा समावेश गराइने छ।

१६. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**ग. पौडी**

१. पौडी परीक्षाको लागि सकेसम्म पौडी पोखरी वा ताल वा कम वहाव भएको खोला नदीको छनौट गर्नुपर्नेछ।

२. पौडी पोखरी वा तालको सुरक्षाको दृष्टिकोणले उपयुक्तताको र पानीको स्वच्छताको अवस्थाको यकिन गर्नुपर्नेछ।

३. पौडीन शुरु गर्ने स्थान र पौडीनुपर्ने अन्तिम विन्दुलाई स्पष्ट रूपमा डोरी वा रिवनले अंकित गर्नुपर्नेछ। शुरु विन्दु कम्तीमा ३ फिट पानी भएको र अन्तिम विन्दु बढीमा १० फिट भन्दा वढी पानी नभएको हुनु पर्नेछ।

४. पौडी पोखरीमा पौडन नसकी परीक्षार्थी डुब्न सक्ने अबस्थालाई समेत मध्यनजर गरी उद्धार सामग्री सहित उद्धारकर्ता र प्राथमिक उपचार गर्ने जनशक्तिको व्यवस्था गर्नुपर्नेछ।

५. महिला र पुरुष उम्मेदवारको लागि छुट्टाछुट्टै कपडा फेर्ने स्थानको व्यवस्था गर्नुपर्नेछ।

६. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।

७. पौडनको लागि उम्मेदवारलाई बोलाइ सकेपछि उम्मेदवार पौडी पोखरीमा प्रवेश गरी शुरु गर्ने स्थानमा पानी भित्र शरीरको भाग देखिने गरी उभिनु पर्नेछ। पौडन शुरु गर्ने ध्वनी सङ्केत प्राप्त भएपछि मात्र

पौडन शुरु गर्नुपर्नेछ। पौडी खेल्दा उम्मेदवारलाई कुनै प्रकारको डाइभ गर्न नपाउने र पौडने चरणमा रोकिने वा खुट्टाले पौडी पोखरीको सतह छुन नपाउने विषयमा स्पष्ट निर्देशन दिनुपर्नेछ।

८. उम्मेदवार स्वयंले पौडन सहज हुने खालको पोशाक (स्वीमिङ् कस्ट्यूम) लगाई उपस्थित हुनुपर्नेछ। उम्मेदवारले स्वीमिङ् गगल्स र स्वीमिङ् क्याप प्रयोग गर्न सक्नेछन्।

९. उम्मेदवारलाई कुनै प्रकारको पौडन सहयोग हुने उपकरण (स्वीमिङ् ट्युव वा वल आदि) प्रयोग गर्न दिइने छैन।

१०. उम्मेदवारले उभिएको स्थानबाट डाइभ गर्न पाउने छैनन्। पौडने चरणमा रोकिने वा खुट्टाले पौडी पोखरीको सतह छुन पाउने छैनन्।

११. पौडदा उम्मेदवारको शरीर पानी सतहसँग लगभग समानान्तर हुनुपर्नेछ। उम्मेदवारले आफ्नो अनुकुलको पौडी खेल्ने शैली (Breaststroke Butterfly Troke Hdestroke) प्रयोग गर्न सक्नेछन्।

१२. उम्मेदवार नरोकिकन सुरक्षित रूपमा तोकिएको दुरीमा पुगेपछि दुरी पारको सङ्केत गरिनेछ र तोकिएको दुरी नडुवीकन पार गर्न सक्ने उम्मेदवारलाई मात्र उत्तीर्ण घोषणा गरिनेछ। पौडनको लागि थप अवसर दिइने छैन।

१३. उत्तीर्ण उम्मेदवारलाई पास शब्द ध्वनी वा हरियो झण्डाबाट र अनुत्तीर्ण उम्मेदवारलाई फेल शब्द ध्वनी वा रातो झण्डाबाट सङ्केत गर्नुपर्नेछ।

१४. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ ।

**नेपाल वन सेवा, हातिसार समूह अन्तर्गत राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत (हातिसार) पद , राजपत्र अनंकित प्रथम श्रेणी, सुब्बा पद, राजपत्र अनंकित द्वितीय श्रेणी, दरोगा पद र श्रेणीविहिन माहुत, फणित र पछुवा पद**

१. यो परीक्षा अन्तर्गत हात्ती बाँध्ने, खोल्ने, हाँक्ने, चलाउने, चराउने, हात्तीको गद्दी र हौदा कस्ने, हात्ती नङ काट्ने, हात्ती नुहाउने, हात्ती र वस्ने ठाँउको सरसफाई गर्ने, जंगली हात्तीबाट हात्तीको सुरक्षा गर्ने, हात्तीको दानापानी बनाउने, हात्तीलाई खुवाउने घाँसको पहिचान गर्ने, हात्तीको हेरचाहमा प्रयोग हुने सरसामानको पहिचान गर्ने, कुची बनाउने, रुख चढ्ने, पौडी खेल्ने लगायतका हात्तीको परिचालन, स्याहार र हेरचाहसँग सम्बन्धित क्रियाकलाप पर्दछन्।

२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट निर्देशन दिनुपर्नेछ ।

३. उम्मेदवारले हात्ती परिचालन गर्दा आफ्नो सुरक्षाको लागि विशेष सतर्कता अपनाउनु पर्नेछ।

४. परीक्षाको क्रममा हात्तीबाट हुन सक्ने सम्भावित दुर्घटनाको रोकथामको लागि यथोचित व्यवस्थापन गर्नुपर्नेछ।

५. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**नेपाल विविध सेवा, राजपत्र अनङ्कित प्रथम श्रेणी, प्रमुख शिक्षक (सिलाई) पद**

१. आवश्यक सामग्री (जस्तैः सियो, धागो, कपडा, नापतौलका यन्त्रहरू, कन्चा, कैंची, नोटबुक आदि) ठीक अवस्थामा रहे नरहेको परीक्षामा खटिएका जनशक्तिले यकिन गरी परीक्षार्थीलाई समेत यकिन गराउन लगाउनु पर्नेछ ।
२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट निर्देशन दिनुपर्नेछ ।
३. उम्मेदवारले उपलब्ध सिलाई मेसिन र अन्य उपकरणको सही प्रयोगबारे स्पष्ट जानकारी लिनु पर्नेछ । कुनै उपकरण अपरिचित भए परीक्षामा खटिएका कर्मचारी वा विज्ञसँग सोधपुछ गर्नुपर्नेछ।
४. सिलाई कार्य सुरु गर्नु अघि दिइएको कपडा र अन्य सामग्रीको अवस्था र गुणस्तरको जानकारी लिनु पर्नेछ।
५. सिलाईका विभिन्न प्रकारका टाँका (जस्तैः सरल टाँका, अडिएको टाँका, सजावटी टाँका आदि) को प्रयोग सही तरिकाले गर्न सक्नु पर्नेछ।
६. सिलाई मेसिनको सही सञ्चालन, धागो लगाउने तरिका, मेसिनमा हुने सामान्य समस्या समाधान गर्नुपर्नेछ।
७. सिलाई गर्दा कपडाको काटछाँट, मापन, सुतली लगाउने तरिका र समाप्त काममा गुणस्तर कायम गर्न विशेष ध्यान दिनुपर्नेछ।
८. काम गर्दा सुरक्षा नियमहरूको पालना गर्नुपर्नेछ र उपकरण सावधानीपूर्वक प्रयोग गर्नुपर्नेछ।
९. परीक्षा सकिएपछि काम पूरा भएको कपडा, प्रयोग गरिएका उपकरण र अन्य सामग्री व्यवस्थित रूपमा बुझाउनु पर्नेछ।
१०. परीक्षार्थीले परीक्षाको क्रममा मेसिन प्रयोग गर्दा आफ्नो र त्यस्ता मेसिनको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र मेसिनमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ ।
११. परीक्षाको क्रममा मेसिन वा उपकरणमा समस्या वा खराबी देखिएमा तुरुन्त परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।
१२. परीक्षाका क्रममा प्रयोग गरिएका सामग्री वा उपकरण कार्य सम्पन्न भएपछि यथास्थानमा राख्नु पर्नेछ ।
१३. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**नेपाल शिक्षा सेवा, कला समूह, चित्रकला उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणी, चित्रकला अधिकृत पद**

१. परीक्षा सुरु हुनु अघि आवश्यक सबै सामग्री (जस्तैः पानी रंग, ब्रस, कागज, रंग मिश्रण सामग्री, ड्राइङ बोर्ड आदि) उपलब्ध र प्रयोग योग्य भएको सुनिश्चित गर्नुपर्नेछ।

२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।

३. प्रयोगमा ल्याइने कागज कार्ट्रिज पेपर (Indian वा French) र साइज १५" x २०" हुनुपर्नेछ भन्ने कुरा उम्मेदवारलाई सुनिश्चित गर्नुपर्नेछ।

४. परीक्षार्थीले आफ्नो नाम वा कुनै व्यक्तिगत चिन्ह परीक्षा कागजमा उल्लेख गर्न पाउने छैन ।

५. परीक्षार्थीले दिइएको विषयवस्तु अनुसार चित्र बनाउनु पर्नेछ, जसमा मौलिकता झल्किएको हुनुपर्छ।

६. प्रयोगशालाको सफाइमा ध्यान दिनु पर्नेछ। रंग, ब्रस, पानी आदि व्यवस्थित रूपमा प्रयोग गर्नु पर्नेछ।

७. चित्र बनाउँदा परीक्षास्थलमा शान्त वातावरण कायम राख्नु पर्नेछ।

८. परीक्षार्थीले आफ्नो काम निर्धारित समयभित्र सम्पन्न गर्नु पर्नेछ।

९. परीक्षार्थीले काम सम्पन्न भएपछि परीक्षाको उत्तरपुस्तिका, चित्र तथा प्रयोग भएका सामग्री परीक्षामा खटिएका जनशक्तिलाई बुझाउनु पर्नेछ।

१०. परीक्षा समाप्त भएपछि परीक्षास्थल सफा गरी प्रयोग सामग्री यथास्थानमा राख्नुपर्नेछ।

११. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**नेपाल शिक्षा सेवा, मुद्रण समूह, मुद्रण व्यवस्थापन उपसमूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, वरिष्ठ मुद्रण सहायक र राजपत्र अनङ्कित द्वितीय श्रेणी, मुद्रण सहायक पद**

१. आवश्यक सामग्री (जस्तैः फाइल, नोट, कलम, सुरक्षात्मक पोशाक आदि) परीक्षार्थीले परीक्षास्थलमा अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ।

२. परीक्षा सुरु हुनु अघि परीक्षास्थल, उपकरण, सञ्चालन प्रक्रिया, सुरक्षासम्बन्धी विधि, मूल्याङ्कन मापदण्ड र निर्देशिका जिम्मेवारी राम्ररी अध्ययन गरी जानकारी राख्नु पर्नेछ र परीक्षार्थीलाई समेत सो को जानकारी गराउनु पर्नेछ ।

३. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्ष तथा परीक्षार्थीले सबै उपकरण तथा मेसिन प्रयोग गर्नु अघि प्रयोग योग्यताको परीक्षण गर्नु पर्नेछ।

४. मेसिन सञ्चालन गर्दा सम्पूर्ण सुरक्षा मापदण्डको पालना अनिवार्य रूपमा गर्नु पर्नेछ (जस्तैः पञ्जा, मास्क, सुरक्षा पोशाक आदि प्रयोग गर्नु पर्नेछ)।

५. मेसिन प्रयोग गर्दा ध्यानपूर्वक र संयमित रूपमा प्रयोग गर्नु पर्नेछ।

६. परीक्षार्थीले परीक्षाको क्रममा उपकरण प्रयोग गर्दा आफ्नो र त्यस्ता उपकरणको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र उपकरणमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ ।

७. परीक्षाको क्रममा  कुनै पनि मेसिन वा उपकरणमा समस्या वा खराबी देखिएमा तुरुन्त   परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।
८. डिजाइन, छपाई, कटिङ, बाइन्डिङ तथा अन्य सबै कार्य निर्धारित मापदण्डअनुसार सम्पन्न गर्नु पर्नेछ।
९. परीक्षा समाप्त भएपछि प्रयोग गरिएका सबै सामग्री तथा उपकरण यथास्थानमा राख्नु पर्नेछ।
१०. परीक्षास्थलमा कुनै पनि उपकरणमा क्षति पुगेमा त्यसको जानकारी परीक्षार्थीले परीक्षामा खटिएका जनशक्तिलाई दिनु पर्नेछ।
११. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**नेपाल शिक्षा सेवा, मुद्रण समूह, मुद्रण व्यवस्थापन उपसमूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, सिनियर प्रुफ रिडर पद**

१. आवश्यक सामग्री (जस्तैः नोटबुक, कलम, हाइलाइटर, चस्मा, मास्क आदि) परीक्षार्थीले परीक्षास्थलमा अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ।
२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले परीक्षा सुरु हुनु अघि परीक्षास्थल, उपकरण, सञ्चालन प्रक्रिया, मूल्याङ्कन मापदण्ड र जिम्मेवारी राम्ररी अध्ययन गरी जानकारी राख्नु पर्नेछ र उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट निर्देशन दिनुपर्नेछ ।
३. परीक्षार्थीले कुनै पनि उपकरण वा प्रणाली अपरिचित भएमा परीक्षामा खटिएका जनशक्तिसँग स्पष्ट जानकारी लिनु पर्नेछ।
४. प्रूफ रिडिङ कार्य सुरु गर्नु अघि दिइएको सामग्री (जस्तैः प्रिन्ट कपी, डिजिटल फाइल, गाइडलाइन आदि) को अवस्थाको वारेमा स्पष्ट हुनु पर्नेछ।
५. भाषा शुद्धता, विराम चिन्ह, टाइपिङ त्रुटि, अनुच्छेद मिलान, शीर्षक र पृष्ठ संख्या जस्ता पक्षहरू सावधानीपूर्वक परीक्षण गर्नु पर्नेछ।
६. मूल पाठसँग तुलना गर्दा अनुवाद, तथ्य, आकृति वा अन्य प्राविधिक विवरणमा कुनै भिन्नता छ कि छैन भनी सूक्ष्मता साथ हेर्नु पर्नेछ।
७. गल्तीहरू चिन्ह लगाएर सुधारको लागि स्पष्ट सिफारिस वा टिप्पणी दिन सक्नु पर्नेछ।
८. सम्पूर्ण कार्यको क्रममा पृष्ठ, अनुच्छेद र शैलीमा एकरूपता कायम गर्न ध्यान दिनु पर्नेछ।
९. उम्मेदवारले परीक्षा सकेपछि परीक्षासँग सम्बन्धित कागजातहरू परीक्षामा खटिने जनशक्तिलाई बुझाउनु पर्नेछ।
१०. परीक्षाका क्रममा प्रयोग गरिएका सामग्री वा उपकरण कार्य सम्पन्न भएपछि यथास्थानमा राख्नु पर्नेछ।

११. प्रयोगशालामा कुनै उपकरण वा दस्तावेजमा क्षति नपुग्ने गरी कार्य गर्नुपर्दछ तर परीक्षाको क्रममा त्यस्ता उपकरण वा दस्तावेजमा कुनै समस्या भएको पाइएमा परीक्षार्थीले तुरुन्तै परीक्षामा खटिएका जनशक्तिलाई जानकारी दिनु पर्नेछ।

१२. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**नेपाल शिक्षा सेवा, मुद्रण समूह, मुद्रण व्यवस्थापन उपसमूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, सिनियर प्लेट मेकर पद**

१. आवश्यक सामग्री (जस्तैः नोटबुक, कलम, पञ्जा, मास्क, सुरक्षात्मक पोशाक आदि) परीक्षार्थीले परीक्षास्थलमा अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ।

२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले परीक्षा सुरु हुनु अघि परीक्षास्थल, उपकरण, सञ्चालन प्रक्रिया, मूल्याङ्कन मापदण्ड र जिम्मेवारी राम्ररी अध्ययन गरी जानकारी राख्नु पर्नेछ र उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी दिनुपर्नेछ ।

३. कुनै पनि उपकरण वा प्रणाली अपरिचित भएमा परीक्षामा खटिएका जनशक्तिसँग स्पष्ट जानकारी लिनु पर्नेछ।

४. प्लेट बनाउने कार्य प्रारम्भ गर्नु अघि आवश्यक सामग्री (जस्तैः प्लेट, एक्सपोजर सिस्टम, रसायन, सफाइका वस्तुहरू, कम्प्युटर फाइल आदि) को अवस्था परीक्षण गर्नु पर्नेछ।

५. CTP (Computer to Plate) प्रणाली प्रयोग गर्नु अघि सिस्टममा फाइल लोड गर्ने, साइज मिलाउने, टोन, Dot Per Inch, र ट्रिम सेटिङ जस्ता पक्ष सावधानीपूर्वक परीक्षण गर्नु पर्नेछ।

६. परीक्षार्थीले प्लेट तयार गर्ने क्रममा मेसिनको तापमान, रसायनको स्थिति वा अन्य प्राविधिक सूचकहरू नियाल्नुपर्छ।

७. प्लेट तयार भएपछि यसमा स्क्रयाच, ब्लर, मिसिङ लाइन, डस्ट आदि त्रुटि भएको छैन भन्ने सुनिश्चित गर्नु पर्नेछ।

८. मेसिन प्रयोग गर्दा सम्पूर्ण सुरक्षा मापदण्डको पालना गर्नु पर्नेछ (जस्तैः सुरक्षा पञ्जा, मास्क, चश्मा आदि अनिवार्य रूपमा प्रयोग गर्नु पर्नेछ)।

९. एक पछि अर्को कार्यको क्रममा काम गरिरहेको क्षेत्र सफा र व्यवस्थित राख्नु पर्नेछ।

१०. प्रयोग गरिएका उपकरण र सामग्री परीक्षा सम्पन्न भएपछि यथास्थानमा राख्नु पर्नेछ।

११. कुनै उपकरण वा प्रणालीमा क्षति नपुग्ने गरी कार्य गर्नु पर्दछ तर कार्य सम्पादनका क्रममा त्यस्ता उपकरण वा प्रणालीमा कुनै समस्या भएको पाइएमा परीक्षार्थीले तुरुन्तै परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनु पर्नेछ।

१२. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**नेपाल शिक्षा सेवा, मुद्रण समूह, मुद्रण व्यवस्थापन उपसमूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, सिनियर बुक बाइन्डर पद**

१. आवश्यक सामग्री (जस्तैः नोटबुक, कलम, कटर, स्केल, सुरक्षात्मक पोशाक आदि) परीक्षार्थी स्वयंले परीक्षास्थलमा अनिवार्य रूपमा साथमा ल्याउनु पर्नेछ।

२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले परीक्षा सुरु हुनु अघि परीक्षा केन्द्र, उपकरण, सञ्चालन प्रक्रिया, मूल्याङ्कन मापदण्ड र जिम्मेवारीहरू राम्ररी अध्ययन गरी जानकारी राख्नु पर्नेछ र उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।

३. सबै उपकरण तथा मेसिनहरू प्रयोग गर्नु अघि परीक्षण गर्नु पर्नेछ।

४. कार्यको प्रकृति अनुसार आवश्यक कागज, कभर, ग्लु, धागो वा अन्य सामग्री सम्बन्धमा स्पष्ट हुनु पर्ने छ।

५. पुस्तक बाइन्डिङको प्रक्रिया (जस्तैः फोल्डिङ, ग्यादरिङ, स्टिचिङ, ग्लु लगाउने, कभर लगाउने आदि) निर्धारित अनुक्रम र विधि अनुसार निर्धारित समयभित्र सम्पन्न गर्नुपर्नेछ।

६. हरेक चरणमा सन्तुलन, सटीकता, सफाइ र गुणस्तर कायम राख्न ध्यान दिनु पर्नेछ।

७. प्रयोग गरिएका सबै सामग्री तथा उपकरण प्रयोगपछि यथास्थानमा राख्नु पर्नेछ।

८. मेसिन वा उपकरण प्रयोग गर्दा आवश्यक सुरक्षा उपायहरू (जस्तैः सुरक्षा पोशाक, ग्लुसँग सावधानी आदि) अपनाउनु पर्नेछ।

९. परीक्षास्थलमा कुनै पनि उपकरणमा क्षति नपुग्ने गरी कार्य गर्नु पर्दछ तर त्यस्ता उपकरणमा कमजोरी भएको पाइएमा त्यसको जानकारी परीक्षार्थीले परीक्षामा खटिएका जनशक्तिलाई दिनु पर्नेछ।

१०. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**सङ्घीय संसद सेवा, प्राविधिक समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, ओभरसियर (ईलेक्ट्रिकल) र राजपत्र अनङ्कित द्वितीय श्रेणी, सब इलेक्ट्रिकल ओभरसियर पद**

१. परीक्षा सुरु गर्नु अघि उपलब्ध सबै उपकरण (जस्तैः मल्टीमीटर, इन्सुलेशन टेस्टर, टेस्ट लाइट, वायर स्ट्रिपर, ब्रेकर, कन्ट्रोल बोर्ड, तार, लोड सामग्री आदि) को अवस्था र कार्यक्षमता परीक्षण गर्नुपर्नेछ।

२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले परीक्षा सुरु हुनु अघि परीक्षास्थल, उपकरण, सञ्चालन प्रक्रिया, मूल्याङ्कन मापदण्ड र जिम्मेवारी राम्ररी अध्ययन गरी जानकारी राख्नु पर्नेछ र उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी दिनुपर्नेछ ।

३. विद्युत् उपकरण प्रयोग गर्नु अघि सुरक्षा सामग्री (जस्तैः पञ्जा, इन्सुलेटेड बुट, मास्क, सेफ्टी गगल्स) अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेछ । यस्ता सुरक्षा सामग्रीको व्यवस्था उम्मेदवार स्वयंले गर्नु पर्नेछ ।

४. परीक्षास्थलमा दिइएको कार्य (जस्तैः सर्किट जडान, मिटर जडान, प्यानल बोर्ड सेटअप, फेज परीक्षण आदि) सम्बन्धमा बुझेर मात्र काम सुरु गर्नुपर्नेछ। कुनै अन्यौल भएमा परीक्षामा खटिएका जनशक्ति तथा विषय विज्ञ वा दक्षसँग स्पष्ट जानकारी लिन सकिनेछ।

५. Single-phase र Three-phase सर्किटको भिन्नता, तारको उचित छानबिन (Gauge, Insulation), तथा फेज लोड सन्तुलन गर्नुपर्नेछ।

६. Breaker, Fuse, Earthing System, तथा Overload Protection उपकरणको सही प्रयोग र जडान गर्नुपर्नेछ।

७. जडान गरेपछि सर्किट परीक्षण गर्नुपर्नेछ :जस्तै 'Voltage Testing, Continuity Testing, Polarity Check, तथा Insulation Resistance परीक्षण।

८. कार्यक्रमको क्रममा सर्ट सर्किट, ओभरलोड, वायरिंग त्रुटि वा कुनै दुर्घटना नहोस् भन्नका लागि प्रत्येक चरणमा सुरक्षा सतर्कता तथा सावधानी अपनाउनु पर्नेछ।

९. काम सकेपछि सम्पूर्ण सर्किट तथा कन्ट्रोल प्यानललाई सुरक्षित रूपमा अफ गर्ने, केबल व्यवस्थापन र उपकरण यथास्थानमा राखु पर्नेछ।

१०. सुरक्षासम्बन्धी कुनै त्रुटि, उपकरणको क्षति वा प्राविधिक समस्या देखिएमा तुरुन्तै परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।

११. उम्मेदवारले परीक्षा समाप्त भएपछि तयारी सर्किटको परीक्षण रिपोर्ट, नोटहरू, तथा प्रयोग गरिएका उपकरणको सूची व्यवस्थित रूपमा बुझाउनु पर्नेछ।

१२. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**सङ्घीय संसद सेवा, शिक्षा तथा मुद्रण समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, भिडियोग्राफर पद**

१. परीक्षा सुरु हुनु अघि परीक्षास्थल, क्यामेरा र सम्बन्धित उपकरणको उपलब्धता परीक्षण गर्नुपर्नेछ।

२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले परीक्षा सुरु हुनु अघि परीक्षास्थल, उपकरण, सञ्चालन प्रक्रिया, मूल्याङ्कन मापदण्ड र जिम्मेवारी राम्ररी अध्ययन गरी जानकारी राखु पर्नेछ र उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी दिनुपर्नेछ ।

३. उपलब्ध क्यामेरा, ट्राइपड, माइक्रोफोन, स्टोरेज डिभाइस, ब्याट्री लगायत उपकरण पूर्ण रूपमा सञ्चालन योग्य भएको निश्चित गर्नु पर्नेछ।

४. क्यामेराको लेन्स, ब्याट्री स्तर, मेमोरी कार्डको उपलब्धता तथा स्पेस, माइक्रोफोन रेकर्डिङ क्षमता, र ट्राइपडको स्थिरता आदिको परीक्षण गर्नुपर्नेछ।

५. प्रकाश व्यवस्था, स्थानको आवाज र वातावरणको अवस्थाबारे पूर्व जानकारी गरी शूटिङका लागि उपयुक्त सेटिङ मिलाउनु पर्नेछ।

६. भिडियो फ्रेमिङ, फोकस, एक्सपोजर र कम्पोजिसन ठीक छ कि छैन भन्ने परीक्षण गरी स्पष्ट, सफा र गुणस्तरीय भिडियो उत्पादन गर्नुपर्नेछ।

७. अडियोको स्तर र स्पष्टता सुनिश्चित गर्न माइक्रोफोनको परीक्षण गरी आवाज रेकर्डिङको गुणस्तर सुनिश्चित गर्नु पर्नेछ।

८. परीक्षार्थीले परीक्षाको क्रममा उपकरण प्रयोग गर्दा आफ्नो र त्यस्ता उपकरणको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र उपकरणमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ ।

९. परीक्षाको क्रममा उपकरणमा समस्या वा खराबी देखिएमा तुरुन्त परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।

१०. खिचिएका भिडियो फाइलहरूको नामकरण, ब्याकअप र सुरक्षित व्यवस्थापन मिलाउनु पर्नेछ।

११. भिडियो खिच्ने क्रममा सम्भावित समस्याहरू (जस्तैः फोकस हराउनु, आवाज कम हुनु, उपकरण हल्लिनु) तुरुन्त पत्ता लगाई समाधान गर्ने तरिका अवलम्बन गर्नुपर्नेछ।

१२. परीक्षा सकिएपछि सबै उपकरण यथास्थान र उचित अवस्थामा राखेर सुरक्षित गर्नुपर्नेछ।

१३. परीक्षा सकिए पछि खिचिएको भिडियो सामग्री र सम्बन्धित नोटहरू व्यवस्थित रूपमा परीक्षामा खटिएका जनशक्तिलाई बुझाउनु पर्नेछ।

१४. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**सङ्घीय संसद सेवा, प्राविधिक समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, माइक सञ्चालक र रेकर्डिङ्ग अपरेटर पद**

१. परीक्षा सुरु गर्नु अघि परीक्षास्थल, ध्वनि सम्बन्धी उपकरण (माइक, मिक्सर, रेकर्डिङ डिभाइस, स्पीकर, इन्टरफेस, केबल आदि) को अवस्था र कार्यक्षमता परीक्षण गर्नुपर्नेछ।

२. प्रत्येक उपकरण सही रूपमा जडान भएको, सञ्चालन योग्य अवस्थामा रहेको र पावर आपूर्ति स्थिर भएको भन्ने सुनिश्चित गर्नु पर्नेछ।

३. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी दिनुपर्नेछ ।

४. माइकको प्रकार (wired/wireless, handheld, tabletop आदि) तथा प्रयोग स्थानको ध्वनि अवस्था (acoustic environment) अनुरूप माइकको स्थान, दिशा र लेभल (gain/volume) मिलाउन सक्नु पर्दछ।

५. मल्टिपल माइक प्रयोग भएको अवस्थामा Mixing Console प्रयोग गरी Input Assignment, Channel Routing, Equalization तथा Feedback नियन्त्रण गर्न सक्नुपर्नेछ।

६. परीक्षा सञ्चालनको क्रममा परीक्षार्थीले आफ्नो स्वर स्पष्ट, सन्तुलित र व्यवधानरहित रूपमा सुन्न सकिने गरी माइक व्यवस्थापन गर्नुपर्नेछ। आवश्यक पर्दा समयमै माइक अन/अफ गर्न सक्नुपर्नेछ।

७. रेकर्डिङ सुरु गर्नु अघि अडियो इनपुट चयन, स्टोरेज स्थिति, फाइल नामाङ्कन तथा रेकर्डिङ फर्म्याट (जस्तै Waveform Audio File Format (WAV), Audio file (MP3)) मिलाउनुपर्नेछ।

८. रेकर्डिङको क्रममा अडियो Signal Level निरन्तर अनुगमन गर्दै क्लिपिङ, मूकता (mute), वा अन्य विकृति (distortion) हुन नदिने गरी समायोजन गर्नुपर्नेछ।

९. परीक्षा समाप्त भएपछि रेकर्ड गरिएको फाइल सुरक्षित रूपमा Save, Backup तथा उचित रूपमा नामाङ्कन गरी व्यवस्थित राख्नुपर्नेछ।

१०. सम्भावित समस्याहरू (जस्तैः माइक नचल्नु, Feedback आउनु, अडियो कटिनु) तुरुन्त पहिचान गरी समाधान गर्नु पर्दछ।

११. परीक्षाको अवधिमा उपकरणको सुरक्षित र यथोचित प्रयोग गर्नुपर्नेछ। कुनै उपकरणमा गडबडी वा क्षति पुगेमा तुरुन्तै परीक्षामा खटिएका जनशक्तिलाई जानकारी दिनुपर्नेछ।

१२. परीक्षा समाप्त भएपछि प्रयोग गरिएका सबै सामग्री तथा उपकरण यथास्थानमा सुरक्षित रूपमा राख्नु पर्नेछ।

१३. परीक्षा समाप्त भएपछि रेकर्ड गरिएको अडियो फाइल तथा आवश्यक नोट/प्रतिवेदन परीक्षा सञ्चालनमा खटिएका जनशक्तिलाई व्यवस्थित रूपमा बुझाउनु पर्नेछ।

१४. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**सङ्घीय संसद सेवा, प्राविधिक समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, म्यासेज सञ्चालक पद**

१. परीक्षामा खटिएका जनशक्ति र परीक्षार्थीले परीक्षा सुरु गर्नु अघि परीक्षास्थल, उपलब्ध हार्डवेयर (जस्तैः कम्प्युटर, इन्टरनेट, अडियो-भिडियो इनपुट उपकरण) तथा आवश्यक सफ्टवेयर (जस्तैः Video Editing Software, Encoding Tool, Streaming Interface आदि) हरूको अवस्था र कार्यशीलता जाँच गरी प्रयोग योग्य रहेको सुनिश्चित गर्नु पर्नेछ।

२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी दिनुपर्नेछ ।

३. प्रश्नपत्रमा दिइएको कार्य (Editing, Titling, Color Correction, Streaming आदि) अनुसार मात्र कार्य गर्नुपर्नेछ।

४. परीक्षाका लागि दिइने कुनै पनि फाइल वा भिडियो सामग्री प्राप्त गरेपछि त्यसको स्वरूप, प्रकार, गुणस्तर र प्रयोगको उद्देश्य स्पष्ट रूपमा बुझ्नु पर्नेछ। कुनै शंका भएमा परीक्षामा खटिएका कर्मचारी वा विषय विज्ञ वा दक्षसँग जानकारी लिन सकिनेछ।

५. Time-line व्यवस्थापन, फोल्डर/फाइल नामाङ्कन, Rendering तथा Output Format दिएको निर्देशन बमोजिम गर्नु पर्नेछ।

६. परीक्षा सकिएपछि सम्पूर्ण डिजिटल सामग्री (जस्तैः Project File, Exported Video, Notes) व्यवस्थित रूपमा परीक्षामा खटिएका जनशक्तिलाई बुझाउनु पर्नेछ र प्रयोग गरिएका उपकरण तथा फोल्डर यथास्थानमा राख्नु पर्नेछ।

७. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**सङ्घीय संसद सेवा, शिक्षा तथा मुद्रण समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, सिनियर प्रेस टेक्निसियन पद**

१. परीक्षा सुरु गर्नु अघि परीक्षामा खटिएका जनशक्ति तथा परीक्षार्थीले परीक्षास्थलमा उपलब्ध प्रेस मेसिन, प्लेट, कागज, मसी, रोलर, र सफाइ सामग्री जाँच गरी ती उपकरण तथा सामग्री प्रयोग योग्य अवस्थामा रहेको र कार्यस्थल सुरक्षाको दृष्टिकोणले उपयुक्त भएको भन्ने सुनिश्चित गर्नुपर्नेछ।

२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी दिनुपर्नेछ ।

३. प्रेस मेसिन सञ्चालन गर्नु अघि परीक्षार्थीले सुरक्षा उपकरण (जस्तैः पञ्जा, मास्क, एप्रोन आदि) प्रयोग गर्नुपर्नेछ र यस्ता सुरक्षा उपकरणको व्यवस्था परीक्षार्थी स्वयंले गर्नु पर्नेछ।

४. प्रेस सञ्चालनको पूर्वतयारी अन्तर्गत Plate Fitting, Ink Setting, Paper Alignment, र Machine Calibration को अवस्थालाई जाँच गर्नुपर्नेछ।

५. परीक्षास्थलमा दिइएको परीक्षण सामग्रीअनुसार यथोचित रंग, कागजको प्रकार र मेसिनको स्पीड सेटिङ मिलाएर प्रेस प्रक्रिया सुरु गर्नुपर्नेछ।

६. प्रेस मेसिन चलाउँदा Roller Movement, Ink Distribution, Paper Feeding Mechanism आदि तत्वहरूको सन्तुलन र समानता सुनिश्चित गर्नु पर्नेछ।

७. प्रिन्ट कार्यको दौरान Register Matching, Color Balance, Image Sharpness, र अन्य Quality Parameters लगातार परीक्षण गरी आवश्यक समायोजन गर्नुपर्नेछ।

८. मेसिनमा झ्याप, धब्बा, मिसफिट, पेपर जाम वा अन्य प्राविधिक समस्या देखा परेमा परीक्षार्थीले तुरुन्तै समाधान गर्नुपर्नेछ ।आफूले समाधान गर्न नसक्ने भएमा परीक्षामा खटिएका जनशक्तिलाई जानकारी दिनुपर्नेछ ।

९. प्रिन्ट कार्य सकेपछि मेसिन सफा गर्ने, प्रयोग गरिएका प्लेट वा सामग्री सुरक्षित रूपमा हटाउने तथा मसी र फोहोर व्यवस्थापन गर्नु पर्नेछ।

१०. परीक्षाको सम्पूर्ण अवधिमा सुरक्षा निर्देश (Safety Protocols) र कार्यस्थलको शुद्धता कायम राख्नुपर्नेछ।

११. प्रेसमा छापिएको प्रतिलिपिहरू, परीक्षण नोटहरू, र अन्य सम्बन्धित सामग्री परीक्षामा खटिएका जनशक्ति तथा मूल्याङ्कन समितिमा व्यवस्थित रूपमा बुझाउनु पर्नेछ।

१२. परीक्षार्थीले परीक्षाको क्रममा उपकरण प्रयोग गर्दा आफ्नो र त्यस्ता उपकरणको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र उपकरणमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ ।

१३. परीक्षाको क्रममा कुनै पनि मेसिन वा उपकरणमा समस्या वा खराबी देखिएमा तुरुन्त परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।

१४. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कन क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**संघीय संसद सेवा, प्राविधिक समूह, राजपत्र अनङ्कित द्वितीय श्रेणी, मेकानिक्स पद**

१. परीक्षा सुरु गर्नु अघि परीक्षास्थल तथा प्रयोग हुने उपकरण र सामग्री (जस्तैः टुलबक्स, लिफ्टिङ उपकरण, वर्कबेन्च, वेल्डिङ सेट आदि) को प्रयोग योग्य अवस्था तथा कार्यस्थलको सुरक्षाको सुनिश्चित गर्नु पर्नेछ।

२. परीक्षामा खटिएका जनशक्ति, विषय विज्ञ वा दक्षले उम्मेदवारलाई परीक्षा सञ्चालनको विषयमा स्पष्ट जानकारी दिनुपर्नेछ ।

३. परीक्षा सुरु गर्नु पूर्व आवश्यक पर्सनल प्रोटेक्सन इक्युप्मेन्ट (Persional Protecton Equipment) (PPE) जस्तैः पञ्जा, गगल्स, सेफ्टी जुत्ता, मास्क, एप्रोन आदि प्रयोगमा ल्याइएका छन् भनी निश्चित गर्नु पर्नेछ। यस्ता सुरक्षा उपकरण उम्मेदवार स्वयंले व्यवस्था गर्नु पर्नेछ ।

४. परीक्षास्थलमा उपलब्ध गाडी वा मेसिनको अवलोकन गरी प्रश्न अनुसार आवश्यक कार्यहरू (जस्तैः ब्रेक, क्लच, बेल्ट, फिल्टर, फ्युल सिस्टम आदि) मा प्रयोग हुने उपकरण यकिन गर्नुपर्नेछ ।

५. फिल्टरहरूको सरसफाइ वा प्रतिस्थापन गर्दा तिनको प्रकार, फिटिङ विधि र दिशा आदि स्पष्ट रूपमा जाँच गर्नुपर्नेछ।

६. ब्रेक र क्लच प्रणालीका कम्पोनेन्टहरूको पहिचान गरी समायोजन वा प्रतिस्थापन गर्दा उचित उपकरण र प्रक्रिया अपनाउनु पर्नेछ।

७. ग्रेसिङ, लुब्रिकेन्ट टप-अप, बेल्ट टाइटनिङ जस्ता कार्यहरू गर्दा उपयुक्त मात्रा र स्थानमा सामग्री प्रयोग गरिएको छ कि छैन भनेर परीक्षण गर्नु पर्नेछ।

८. फ्युल सिस्टमको मर्मत गर्दा रिसाव, ब्लकेज वा कनेक्शन त्रुटि आदि देखिएमा समाधान गर्नु पर्नेछ।

९. स्पेयर पाट्र्स र एड्हेसिभहरू सही तरिकाले प्रयोग गरिएको छ वा छैन, यकिन गर्नुपर्नेछ।

१०. ब्याट्री जडान गर्दा Parallel वा Series कनेक्शनको भिन्नता, तारको पोलारिटी र सुरक्षा सुनिश्चित गर्नु पर्नेछ।

११. वर्कशप/सर्भिस म्यानुअल अध्ययन गरेर त्यसअनुसार कार्य गर्न सक्नु पर्दछ ।

१२. वेल्डिङसम्बन्धी कार्य गर्दा आर्क वेल्डिङ (V, butt, fillet) र अक्सि-असेटिलिन वेल्डिङ/कटिङ/ब्रेजिङ/सोल्डरिङ सम्बन्धी उपकरणको सही प्रयोग गर्नुपर्नेछ।

१३. इलेक्ट्रोडहरूको प्रकार, साइज र सामग्रीअनुसार छनौट र प्रयोगको बारेमा प्रस्ट देखाउनु पर्नेछ।

१४. गाडीमा प्रयोग हुने एयर कन्डिसन प्रणालीका विभिन्न कम्पोनेन्टहरू (compressor, condenser, evaporator आदि) को पहिचान गर्न सक्नुपर्नेछ।

१५. परीक्षार्थीले परीक्षाको क्रममा उपकरण प्रयोग गर्दा आफ्नो र त्यस्ता उपकरणको सुरक्षाका लागि उच्च सावधानी अपनाउनु पर्नेछ र उपकरणमा कुनै पनि किसिमको क्षति हुन नदिन ध्यान दिनुपर्नेछ।

१६. परीक्षाको क्रममा कुनै पनि मेसिन वा उपकरणमा समस्या वा खराबी देखिएमा तुरुन्त परीक्षामा खटिएको जनशक्तिलाई जानकारी दिनुपर्नेछ।

१७. उपरोक्त परीक्षाका लागि मूल्याङ्कन फाराम तयार गरी मूल्याङ्कनका क्रममा देखिएको विवरण खुलाई सम्बन्धित मूल्याङ्कनकर्ताले प्रमाणित गर्नुपर्नेछ।

**कम्प्युटर प्रयोगात्मक तथा सीप परीक्षण सम्बन्धी पदहरूः**

(क) अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संघीय संसद) सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पद

(ख) अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संघीय संसद) सेवा, राजपत्र अनङ्कित प्रथम श्रेणी, नायव सुब्बा वा सो सरह पद

(ग) अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संघीय संसद) सेवा, राजपत्र अनङ्कित द्वितीय श्रेणी, खरिदार वा सो सरह पद

(घ) नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, कम्प्युटर अधिकृत पद

